# मध्यमकालीन खर्च संरचना
## (आ.व. २०८०/०८१ – २०८२/८३)

## Medium Term Expenditure Framework
### Fiscal Year (2023/24-2025/26)

# त्रिवेणी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ – २०८२/८३)


| | | |
|---|---|---|
| **प्रकाशक** | : | **त्रिवेणी नगरपालिका**<br>नगर कार्यपालिकाको कार्यालय,तोली, बाजुरा |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | २०८० |
| **तर्जुमा प्राविधिक सहयोग** | : | नेपाल एकिकृत बिकास समाज, निड्स |
| **सम्पर्कका लागि** | : | नगर कार्यपालिकाको कार्यालय<br>तोली, बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल<br>ईमेलः triveninapa@gmail.com |
| **सदस्य सचिव** | : | अर्जुन बहादुर रोकाया (योजना अधिकृत) |

# मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेसँगै त्रिवेणी नगरपालिकाले पनि त्रिवर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ नगरपालिकाको वित्त व्यवस्थापनलाई डोहोऱ्याउने अपेक्षा गरेको छु ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, जसबाट अघिल्लो शताब्दीको उत्तरार्द्धदेखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..........................
कर्ण बहादुर थापा
(नगर प्रमुख)

# प्राक्कथन

त्रिवर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त नगरपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत दशकहरूमा जलवायुजन्य विषमता एवम् विपद्का अन्य घटना, तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसंघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ र यसको परिपालना गर्ने नेपाल सरकारले पूर्ण प्रतिबद्धता समेत गरेको छ । यसभन्दा बाहेक, दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरू रहेका हुनाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले यस नगरपालिकाका सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुऱ्याउन सक्ने अपेक्षा गरेको छु ।

अन्तमा, त्रिवेणी नगरपालिकाको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने विषयगत समितिका संयोजकहरु, प्राविधिक सहयोग प्रदान गर्ने मध्यमकालीन खर्च संरचना विज्ञ हरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..................................

चिरन्जिवि प्रशाद शाह
(प्रमुख प्रशासकीय अधिकृत)

# विषयसूची


परिच्छेद एक : परिचय ........ १
१.१ पृष्ठभूमि........ १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा........ १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य........ २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु........ २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य........ ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया........ ३
परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना........ ७
२.१ पृष्ठभूमि........ ७
२.२ चूनौति तथा अवसर........ ७
२.३ सोच, उद्देश्य तथा रणनीति........ ८
२.४ समष्टिगत मध्यमकालीन आर्थिक खाका........ १०
२.५ मध्यमकालीन नतिजा खाका........ ११
२.६ मध्यमकालीन बजेट खाका........ १२
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट........ १४
२.८ विषय क्षेत्रगत बाँडफाँट........ १६
परिच्छेद तीन : आर्थिक क्षेत्र........ २०
**३.१ कृषि तथा खाद्य सुरक्षा ........ २०**
३.१.१ पृष्ठभूमि ........ २०
३.१.२ समस्या तथा चूनौति........ २०
३.१.३ सोच........ २०
३.१.४ उद्देश्य ........ २१
३.१.५ रणनीति........ २१
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २१
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ २१
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ २१
३.१.९ जोखिम पक्ष तथा अनुमान........ २२
**३.२ सिंचाई ........ २३**
३.२.१ पृष्ठभूमि ........ २३
३.२.२ समस्या तथा चुनौति........ २३
३.२.३ सोच ........ २३
३.२.४ उद्देश्य ........ २३
३.२.५ रणनीति ........ २३
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २३
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ २४
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २४
३.२.९ जोखिम पक्ष तथा अनुमान........ २४
**३.३ पशु विकास........ २४**
३.३.१ पृष्ठभूमि ........ २४
३.३.२ समस्या तथा चूनौति........ २५
३.३.३ सोच........ २५
३.३.४ उद्देश्य ........ २५
३.३.५ रणनीति........ २५
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २५
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ २५
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ २६
३.३.९ जोखिम पक्ष तथा अनुमान........ २६
**३.४ उद्योग तथा व्यापार ........ २७**
३.४.१ पृष्ठभूमि........ २७

३.४.२ समस्या तथा चूनौति ...... २७
३.४.३ सोच ...... २७
३.४.४ उद्देश्य ...... २७
३.४.५ रणनीति ...... २८
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २८
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २८
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २८
३.४.९ जोखिम पक्ष तथा अनुमान ...... २९
**३.५ पर्यटन विकास ...... २९**
३.५.१ पृष्ठभूमि ...... २९
३.५.२ समस्या तथा चूनौति ...... २९
३.५.३ सोच ...... २९
३.५.४ उद्देश्य ...... ३०
३.५.५ रणनीति ...... ३०
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३०
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३०
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३१
३.५.९ जोखिम पक्ष तथा अनुमान ...... ३१
**३.६ बैंक, वित्त तथा सहकारी ...... ३१**
३.६.१ पृष्ठभूमि ...... ३१
३.६.२ समस्या तथा चूनौति ...... ३२
३.६.३ सोच ...... ३२
३.६.४ उद्देश्य ...... ३२
३.६.५ रणनीति ...... ३२
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३२
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३२
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३३
३.६.९ जोखिम पक्ष तथा अनुमान ...... ३३
**३.७ श्रम तथा रोजगारी ...... ३३**
३.७.१ पृष्ठभूमि ...... ३३
३.७.२ समस्या तथा चनौति ...... ३३
३.७.३ सोच ...... ३४
३.७.४ उद्देश्य ...... ३४
३.७.५ रणनीति ...... ३४
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३४
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३४
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३५
३.७.९ जोखिम पक्ष तथा अनुमान ...... ३५
**३.८ गरिबी निवारण ...... ३५**
३.८.१ पृष्ठभूमि ...... ३५
३.८.२ समस्या तथा चूनौति ...... *३५*
३.८.३ सोच ...... ३६
३.८.४ उद्देश्य ...... ३६
३.८.५ रणनीति ...... ३६
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३६
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३६
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३६
३.८.९ जोखिम पक्ष तथा अनुमान ...... ३७
*परिच्छेद चार : सामाजिक क्षेत्र ...... ३८*
**४.१ शिक्षा, कला, भाषा तथा साहित्य ...... ३८**
४.१.१ पृष्ठभूमि ...... ३८
४.१.२ समस्या तथा चूनौति ...... ३८
४.१.३ सोच ...... ३८

४.१.४ उद्देश्य..............................................................................................................................................३९
४.१.५ रणनीति..............................................................................................................................................३९
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................................................................................३९
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................................४०
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण..............................................................................................४०
४.१.९ अनुमान तथा जोखिम..............................................................................................................................४०
**४.२ स्वास्थ्य तथा पोषण.............................................................................................................................४१**
४.२.१ पृष्ठभूमि..............................................................................................................................................४१
४.२.२.समस्या तथा चुनौती..............................................................................................................................४१
४.२.३ सोच..............................................................................................................................................४१
४.२.४ उद्देश्य..............................................................................................................................................४१
४.२.५ रणनीति..............................................................................................................................................४२
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................................................................................४२
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................................४३
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण..............................................................................................४३
४.२.९ जोखिम पक्ष तथा अनुमान..............................................................................................................................४३
**४.३ खानेपानी तथा सरसफाई.............................................................................................................................४१**
४.३.१ पृष्ठभूमि..............................................................................................................................................४४
४.३.२ समस्या तथा चूनौति..............................................................................................................................४४
४.३.३ सोच..............................................................................................................................................४४
४.३.४ उद्देश्य..............................................................................................................................................४४
४.३.५ रणनीति..............................................................................................................................................४४
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................................................................................४४
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................................४५
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण..............................................................................................४५
४.३.९ जोखिम पक्ष तथा अनुमान..............................................................................................................................४५
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग.............................................................................................................................४६**
४.४.१ पृष्ठभूमि..............................................................................................................................................४६
४.४.२ समस्या तथा चूनौति..............................................................................................................................४६
४.४.३ सोच..............................................................................................................................................४६
४.४.४ उद्देश्य..............................................................................................................................................४७
४.४.५ रणनीति..............................................................................................................................................४७
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................................................................................४७
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................................४८
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण..............................................................................................४८
४.४.९ जोखिम पक्ष तथा अनुमान..............................................................................................................................४८
**४.५ युवा तथा खेलकुद.............................................................................................................................४८**
४.५.१ पृष्ठभूमि..............................................................................................................................................४८
४.५.२ समस्या तथा चूनौति..............................................................................................................................४८
४.५.३ सोच..............................................................................................................................................४९
४.५.४ उद्देश्य..............................................................................................................................................४९
४.५.५ रणनीति..............................................................................................................................................४९
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................................................................................४९
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................................५०
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण..............................................................................................५०
४.५.९ जोखिम पक्ष तथा अनुमान..............................................................................................................................५०
परिच्छेद पाँच : पूर्वाधार क्षेत्र .............................................................................................................................**५१**
**५.१ आवास, भवन तथा शहरी विकास.............................................................................................................................५१**
५.१.१ पृष्ठभूमि..............................................................................................................................................५१
५.१.२ समस्या तथा चूनौति..............................................................................................................................५१
५.१.३ सोच..............................................................................................................................................५१
५.१.४ उद्देश्य..............................................................................................................................................५१
५.१.५ रणनीति..............................................................................................................................................५२

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ५२
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ५२
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ५३
५.१.९ जोखिम पक्ष तथा अनुमान ...... ५३
**५.२ सडक, पुल तथा यातायात ...... ५३**
५.२.१ पृष्ठभूमि ...... ५३
५.२.२ समस्या तथा चूनौति ...... ५३
५.२.३ सोच ...... ५४
५.२.४ उद्देश्य ...... ५४
५.२.५ रणनीति ...... ५४
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ५४
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ५५
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ५५
५.२.९ जोखिम पक्ष तथा अनुमान ...... ५६
**५.३ जलस्रोत, विद्युत तथा उर्जा ...... ५६**
५.३.१ पृष्ठभूमि ...... ५६
५.३.२ समस्या तथा चूनौति ...... ५६
५.३.३ सोच ...... ५६
५.३.४ उद्देश्य ...... ५७
५.३.५ रणनीति ...... ५७
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ५७
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ५७
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ५८
६.३.९ जोखिम पक्ष तथा अनूमान ...... ५८
**५.४ सूचना तथा सञ्चार ...... ५८**
५.४.१ पृष्ठभूमि ...... ५८
५.४.२ समस्या तथा चूनौती ...... ५८
५४.३ सोच ...... ५८
५.४.४ उद्देश्य ...... ५९
५.४.५ रणनीति ...... ५९
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ५९
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ५९
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ६०
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ...... ६०
परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन ...... ६१
**६.१ वन, भुसरक्षण तथा जैविक विविधता ...... ६१**
६.१.१ पृष्ठभूमि ...... ६१
६.१.२ समस्या तथा चूनौति ...... ६१
६.१.३ सोच ...... ६१
६.१.४ उद्देश्य ...... ६१
६.१.५ रणनीति ...... ६२
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ६२
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ६२
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ६२
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ...... ६३
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ...... ६३**
६.२.१ पृष्ठभूमि ...... ६३
६.२.२ समस्या तथा चुनौति ...... ६३
६.२.३ सोच ...... ६३
६.२.४ उद्देश्य ...... ६३
६.२.५ रणनीति ...... ६३
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ६४
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ६४

६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६४
६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६४
**६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ६५**
६.३.१ पृष्ठभूमि ........ ६५
६.३.२ समस्या तथा चूनौति ........ ६५
६.३.३ सोच ........ ६५
६.३.४ उद्देश्य ........ ६५
६.३.५ रणनीति ........ ६६
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६६
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६६
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६
६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६७
परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६८
**७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६८**
७.१.१ पृष्ठभूमि ........ ६८
७.१.२ समस्या तथा चूनौति ........ ६८
७.१.३ सोच ........ ६८
७.१.४ उद्देश्य ........ ६८
७.१.५ रणनीति ........ ६८
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६९
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ७०**
७.२.१ पृष्ठभूमि ........ ७०
७.२.२ समस्या तथा चूनौति ........ ७०
७.२.३ सोच ........ ७०
७.२.४ उद्देश्य ........ ७०
७.२.५ रणनीति ........ ७०
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७१
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७१
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७१
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ७१
**७.३ राजस्व तथा स्रोत परिचालन ........ ७२**
७.३.१ पृष्ठभूमि ........ ७२
७.३.२ समस्या तथा चूनौति ........ ७२
७.३.३ सोच ........ ७२
७.३.४ उद्देश्य ........ ७२
७.३.५ रणनीति ........ ७२
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७३
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७३
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७३
७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ७३
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७३**
७.४.१ पृष्ठभूमि ........ ७३
७.४.२ समस्या तथा चूनौति ........ ७४
७.४.३ सोच ........ ७४
७.४.४ उद्देश्य ........ ७४
७.४.५ रणनीति ........ ७४
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७४
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७५
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७५
७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ७५

अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन ........................................................................ ७६
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ..................................... ७७
अनुसूची ३ : तीन आवको खर्च, स्रोतको अनुमान, कार्यक्रम आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण.......................... ८४

# <u>तालिका सूची</u>

**No table of figures entries found.**

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र बजेट बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ ।  मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । सार्वजनिक खर्च व्यवस्थापन अन्तर्गत विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषय पर्दछन् । यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ । यसै प्रावधानलाई ध्यानमा राखी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधारहरू परिमार्जन गरी वस्तुगत रूपमा पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यहरू हासिल गर्ने दिशामा कार्यक्रम/आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ । यसैगरी विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिएको लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा यस खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरूको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र सङ्घीय संरचनामा सङ्घीय सरकार र प्रदेश सरकारले स्थानीय तहको सरकारलाई उपलब्ध गराउनुपर्ने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको स्रोतभित्र रहेर मन्त्रालय एवम् निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन् । यसमा सम्बन्धित निकायहरूको व्यापक छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ ।

यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिला वर्ष बजेट अनुमान हुन्छ भने जुन चाहि बार्षिक बजेट सँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षका बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमाजर्न गरिनुपर्ने हुन्छ ।

अत मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाको प्रमुखको संयोजकत्वमा वजेट अनुमान तथा स्रोत निर्धारण समितिको व्यवस्था गरिएको छ । यसै समितिले मध्यकालीन खर्च संरचना सम्बन्धमा समग्र निर्देशन दिने, आगामी ३ वर्षको समग्र खर्चको प्रक्षेपण गर्ने, प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने कार्य गर्दछ । मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा विषयगत शाखाका प्रमुखहरू सदस्य र योजना शाखा प्रमुख सदस्य सचिव रहने गरी कार्यदलको व्यवस्था गरिएको छ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यो सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो । यसले स्रोत साधनको यथार्थ आकलन गर्ने र त्यसको आदर्शतम उपयोगका लागि प्राथमिकता निर्धारण गरी मध्यमकालीन (त्रिवर्षीय) प्रक्षेपण गर्दछ । यस अन्तर्गत समष्टिगत बजेट तथा नतिजा खाका तयार गरिन्छ । यो चक्रिय हिसाबले प्रत्येक वर्ष तयार गरिन्छ । यसमा खर्च र स्रोत पहिलो वर्षको वास्तविक अनुमान गरिएको छ भने आगामी दुई वर्षको लागि प्रक्षेपण गरिएको छ । चालु वर्षको कार्यान्वयन समीक्षाका आधारमा आगामी २ वर्षको परिमार्जन गर्दै एक वर्ष थप्दै लगिनेछ । यसका उद्देश्य निम्नानुसार छन् :

क) आवधिक योजना र वार्षिक कार्यक्रमबीच अन्तरसम्बन्ध स्थापित गर्दै विनियोजन कुशलता कायम गर्नु,
ख) सार्वजनिक खर्चलाई कुशल, प्रभावकारी र नतिजामुखी बनाउनु,
ग) नगरपालिकालाई प्राप्त हुने आन्तरिक तथा वाह्यश्रोतको वस्तुनिष्ठ अनुमान गरी बजेट खाका तयार गर्नु,
घ) योजनाको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त योजनामा स्रोत सुनिश्चित गर्नु
ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु
च) लगानीबाट प्राप्त हुने नतिजा मापन सहज हुने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९ र २०७९/८०)
- त्रिवेणी नगरपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- त्रिवेणी नगरपालिकाको स्थिति पत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो बिकास लक्ष्य तीनै तहका सरकारका साझा बिकास एजेण्डा हुन् । विश्वव्यापी रुपमा कुल १७ दिगो बिकास लक्ष्य निर्धारण गरिएको भए पनि नेपालको हकमा भने १६ (लक्ष्य १४ बाहेक) वटा लक्ष्यहरु मात्र सान्दर्भिक रहेका छन् । तसर्थ, नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेशले निर्धारण गरेका आन्तरिक लक्ष्य र सूचकहरु पनि तिनै १६ लक्ष्यहरुसँग मात्रै सम्वन्धित छन् । आम नागरिकको जिबनमा दिगो रुपमा संरचनागत परिवर्तन ल्याएर गरिबी, भोकमरी, शिक्षा स्वास्थ्य र लैंगिक समता तथा सामाजिक समावेशीकरण जस्ता आधारभुत बिकास एजेण्डाहरु ती लक्ष्यमा समावेश छन् । यी लक्ष्यहरुको स्थानीयकरण नगरी संघ तथा प्रदेश सरकारको प्रयासबाट मात्र अपेक्षित नतिजा हांसिल गर्न सकिदैन । दिगो लक्ष्य प्राप्त गर्न स्थानीय तह र प्रदेश र संघीय सरकारहरुले आपसमा परिपुरकको रुपमा अर्थपूर्ण सहकार्यका जोड दिनुपर्ने देखिन्छ ।

दिगो विकासको लक्ष्य हासिल गर्न नेपालको अन्तराष्ट्रिय पतिद्धता तथा आफ्नै राष्ट्रिय आश्यकता समेत हो । नेपाल संघीय शासन प्रणालीमा गएपछि यसको महत्व झन बढेर गएको छ । सङ्घीय शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तह सबै सरकारहरुलाई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने खाले आयोजना तथा कार्यक्रम तर्जुमा गरि सोही अनुरुप आवश्यकम बजेट विनियोजन गर्नु आवश्यक छ । यही उद्देश्य गरिपूर्ती गर्न र आगामी वर्षहरुमा दिगो विकासका लक्ष्यहरुलाई स्थानीय नीति निर्माण देखि योजना तर्जुमा र कार्यान्वयन सम्ममा यसलाई स्थानीयकरण गर्न सहयोग होस भने त्रिवेणी नगरपालिका,बाजुराले पनि यस वर्षदेखि मध्यमकालिन खर्च संरचना तयार परेर कार्यान्वयनमा ल्याएको छ ।

लगानी बिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी अपेक्षित लक्ष्य हासिल गर्नका लागि खर्चको प्रभावकारिता बढाउनु हो । यस अर्थमा पनि त्रिवेणी नगरपालिकाको तत्कालिन विकासका आवश्यकताका साथै दीर्घकालमा दिगो विकास लक्ष्यमा आधारित नतिजा समेत हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन मध्यमकालिन खर्च संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

**तयारी चरण**

***प्रक्रिया १: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

नगरपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । परामर्शदाता बिज्ञबाट एक कार्यशाला गोष्ठिको आयोजना गरि मध्यमकालीन खर्च संरचनाको महत्व तथा यसका कानुनि प्रावधान सहित दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन् :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- नेपाल सरकार, प्रदेश सरकार एवम् सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा नगरपालिकाको आवधिक योजनाहरु
- नगरपालिकाबाट पारित गरिएका बार्षिक नीति तथा कार्यक्रम र बजेट

***प्रक्रिया २: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण - २: लेखाजोखा चरण**

***प्रक्रिया ३: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०७९ माघ ७ गते नगरपालिकाको सभाहलमा एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको

जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरि आवश्यक कार्य सम्पादन गरियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

### *प्रक्रिया ४: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### *प्रक्रिया ५: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व सुधार कार्य योजना गत आर्थीक बर्षको यथार्थ र चालु आर्थीक बर्षको हाल सम्मको संकलित राजस्व समेतको आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगरपालिकाका गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिक र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो ।

## चरण - ३: तयारी चरण

### *प्रक्रिया ६: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो । विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

### *प्रक्रिया ७: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/एकाइलाई बिज्ञ परामर्शकर्ताको सहयोगमा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो ।

### *प्रक्रिया ८: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना,

विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो ।

### *प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्धेश्यले २०७९ ............... १ दिने कार्यशाला आयोजना गरिएको थियो । नगरपालिकाको कार्यपालिका बैठक तथा कार्यशालामा नगर प्रमुख, उपप्रमुख सबै वडाका वडाध्यक्षहरु,कार्यपालिका सदस्यहरु लगायत प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरि आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरि विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिकरण समेत गरियो ।

### *प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा नगरपालिकाका विभिन्न शाखा, उपशाखा र एकाइहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरिएको हो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आफ्नो क्षेत्राधिकार भित्रका विषयमा हुने आन्तरिक आम्दानी, वित्तीय हस्तान्तरण र अन्य आम्दानी तथा सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने बजेट र श्रोत समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस नगरपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **"समृद्ध नेपालः सुखी नेपाली"**को दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, सुदूरपश्चिम प्रदेश सरकारको दिर्घकालिन सोच **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** प्रथम आवधिक योजना तथा नगरपालीकाको प्रथम आवधिक योजना नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीय ताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सुदूरपश्चिम प्रदेश, बाजुरा जिल्लास्थित त्रिवेणी नगरपालिकाले गौरवका आयोजनाका रुपमा परिकल्पना गरेका, दिगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यलाई योगदान पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरुलाई समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरेको छ। नगरपालिकाले कृषि, शिक्षा तथा पूर्वाधार विकासलाई दिगो विकासको सोच बनाएको हुँदा त्रिवर्षिय खर्च अनुमानले तिनै क्षेत्रलाई वढी प्राथमिकता दिएको छ। नगरपालिकाको क्षेत्रगत कार्यक्रम तथा बजेट विनियोजनको त्रिवर्षीय अनुमानको विस्तृत खाका प्रस्तुत गरिएको छ।

## २.२ चूनौति तथा अवसर

बाजुरा जिल्ला आफैमा दुर्गम जिल्ला हो,त्रिवेणी नगरपालिका पनि दुर्गम नगरपालिका मध्य एक हो, नगरपालिकाको प्रशासनिक केन्द्र सम्म पक्की बाटो पुर्‍याउन सकिएको छैन त्यसका अलावा, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, गुणस्तरिय शिक्षा तथा स्वास्थ्यमा पहुँच, कृषि तथा उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग त्रिवेणी नगरपालीकाको विकासको चूनौतिको रुपमा रहेका छन्। सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन्।

वित्तीय सङ्घीयताको मर्म अनुरुप संबिधानमा उल्लेख भएका एकल र साझा अधिकार क्षेत्रबाट राजस्व संकलन गरी प्राथमिकताका क्षेत्रमा लगानी गर्ने, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी

वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ। यस त्रिवेणी नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान, विकास तथा प्रबर्धन, योजना निर्माण, सार्वजनिक सेवा प्रवाहमा सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादनको बृद्धि, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी न्यूनीकरण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवाको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको दीर्घकालीन सोच र त्रिवर्षीय आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ। नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण नगरपालिकाको विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना एवम् संघ, प्रदेश र नगरपालिकाको विषयगत नीतिले राखेका सोच, उद्येश्य र रणनीति एवम् प्राथमिकतालाई समेत समावेश गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेकोछ।

### २.३.१ दीर्घकालीन सोच

त्रिवेणी नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"जल र जडिबुटी !**
**शिक्षा, स्वास्थ्य र सम्बृद्धी, सम्पूर्ण त्रिवेणी बासीको अभिव्यक्ति"**

### २.३.२ नगर विकासको लक्ष्य

त्रिवेणी नगपालिकाको दीर्घकालीन सोचको आधार योजनाको रुपमा रहेको प्रथम आवधिक योजनामा तय गरिएको नगरको विकासको लक्ष्य देहायअनुसार रहेको छ :

नगरको अहिलेको वस्तुस्थितिले दर्शाउने सकारात्मक पक्षहरुलाई सुदृढ गर्दै समाजवाद उन्मुख समृद्धिको दिशातर्फ बढ्न समष्टिगत र क्षेत्रगत विकासका आधारहरुको निर्माण गर्नु नै यसको प्रमख उद्देश्य हो । संविधानले निर्दिष्ट गरे अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यद्धारा फराकिलो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्दै नागरिकका आर्थिक सामाजिक विकासका आकांक्षा पूरा गर्ने।

महिला तथा पछाडि पारिएका वर्ग सहित सवै तह र तप्काका नागरिकहरुको आर्थिक वृद्धि गर्दै दीगो पूर्वाधार, शिक्षा स्वास्थ्य वातावरण जस्ता आधारभूत सेवामा पहूँच बृद्धि गरी सुशासनको अभ्यासवाट समतामूलक समाजको आधारशिला तयार भएको हुनेछ।

### २.३.३ नगर विकासको उद्देश्य

यस नगरपालिकाको विकासको उद्देश्य देहायअनुसार रहेका छन् :

१. अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पुर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रतिभूति, स्वरोजगारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्ने, .

२. समुदायको वजार र वित्तीय संस्थामा पहूच बृद्धी गरी यान्त्रिक उपकरण सहितको ब्यबसायिक कृषि, पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायको दिगो आर्थिक विकासका साथै र आत्मनिर्भर उन्मूख बनाउने,

३. व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागिता मुलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अबधारणाको अबलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्ष्याको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष्य जनशक्ति विकास गर्ने,

४. मानव विकास सुचकांङ्क र भौतिक पूर्वाधार विकासमा प्रदेशकै पछाडि रहेको बाजुरा जिल्ला र यसमा त्रिवेणी नगरपालिकाको भौगोलिक विकटताको क्षेत्रहरुमा स्वास्थ्य, शिक्षा, रोजगारीलाई विशेष जोड दिइनेछ ,

५. निमार्ण योजनाको प्रभावकारी संचालन तथा व्यवस्थापनका आधारमा उपभोक्ता समितिहरुलाई प्रोत्साहन तथा दण्ड र जरिवाना गर्ने प्रणाली अवलम्बन गर्ने,

६. योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन निर्देशिका तयार गरि सो अनुसार नियमित अनुगमन गर्ने,

७. पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सार्बजनिक जग्गा र निजि तथा कृषि वन विकास गरि समुदायको काष्ठ जन्य बस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्ने

८. समुदायलाई दैवी प्रकोप सम्बन्धि सचेतना अभबृद्धी, पुर्व तयारीका साथै जलबायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अबलम्बन गर्ने,

८. प्रकृतिक विपद् र दुर्घटनाको जोखिम न्यूनिकरण गर्न त्रिवेणी नगरका सम्पूर्ण घरधुरीलाई विमाको दायरामा समेट्ने,

९. नगरपालिकाको भौतिक संरचनाका साथै दक्ष मानव श्रोतको विकास, सूचना, लेखा तथा भौतिक सामग्रीको कम्प्युटरकृत अभिलेख प्रणाली, र पालिकाका सुशासनका सिदान्तहरुलाई अबलम्बन गरि सेवाग्राहीलाई सहज, निस्पक्ष्य र गुणस्तरीय सेवा प्रदान गर्ने ,

१०. यस नगरमा लगानी अभिवृद्धि तथा विस्तार गर्न लगानी मैत्री वातावरण सिर्जना गर्ने ।

### २.३.४ त्रिवेणी नगरपालिकाको विकासको रणनीति

नगरको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् :

१. कृषिमा किटनाशक औषधिको प्रयोगमा कमी ल्याउने तथा कृषि बालीनालीमा प्राङगारिक मलको प्रयोगमा कृषकहरुलाई प्रेरित गर्ने,
२. नगरपालिकालाई कृषि /पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,

३. अन्नबालीको विउ उत्पादन, तरकारी खेति, तथा पशुपंछि पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गरिने छ।
४. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
५. पशु शाखा र जिल्ला पशु तथा भेटनरी बिज्ञ सेवा केन्द्र मार्फत नश्ल सुधार, तालिम तथा प्रचार सेवा,व्यवसायिक फर्म सुधार जस्ता कार्यक्रमहरु विस्तार गर्दै लैजाने,
६. पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
७. नगर क्षेत्रमा बजारको विकास गरी वरिपरिका बस्तीहरुमा सेवा सुबिधा प्रदान गर्ने र जसले गर्दा एकातिर रोजगारीको अवसर सिर्जना हुन्छ भने अर्को तिर बजारको विकास भई अन्य भौतिक पूर्वाधारको समेत विकास हुन पुग्दछ,
८. गुणस्तरीय तथा व्यवसायिक शिक्षामा महिला, दलित एवमं पिछडिएका वर्गहरुको पहुँच बढाउने तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सवै नागरिकको पहुँच विस्तार गर्दै लगिने,
९. सार्बजनिक, नदी उकासमा वन लगाउनुका साथै निजि तथा कृषि वन विकास गरि समुदायको वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली पर्बद्धन गर्ने,
१०. समुदायलाई वाताबरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिबृद्धि गरि सरसफाईको उचित व्यबस्थापन गर्ने,
११. जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,
१२. नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वका क्षेत्रको खोजि गरि तिनको दिगो परिचालन गर्ने,
१३. नगरक्षेत्रमा बन्ने आधुनिक भवनहरुलाई भवन निर्माण संहिता लागु गर्ने,
१४. खानेपानी तथा सरसफाइका कार्यक्रमहरु उपभोक्ता समितिको सहभागिता र संलग्नतामा स्थानिय स्रोत साधनको अधिकतम प्रयोग गरी संचालन गर्ने,
१५. पूर्ण सरसफाई प्रवर्द्धनमा प्रोत्साहन, पुरस्कार र कदरको सिद्धान्तलाई निरन्तरता दिने,

## २.४ समष्टिगत मध्यमकालीन आर्थिक खाका

**"समृद्ध नेपाल र सुखी नेपाली"** को राष्ट्रिय सोच तथा संकल्प, तथा त्रिवेणी नगरपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका **नम्बर २.१** मा प्रस्तुत गरिएको छ।

तालिका २.१: समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आ.व. २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | प्रति व्यक्ति वार्षिक आय | डलर | ८०० | ११०० | १२०० | १२०० | १४०० |
| १.१ | कृषि क्षेत्र | प्रतिशत | ११.६५ | ११.६५ | ११.६५ | १४ | १६ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्र | प्रतिशत | ८.२ | ९.२ | ९.२ | ११.५ | १४.५ |
| २. | उद्योग, व्यापार व्यवसाय | संख्या | ११० | ११० | १५० | २५० | ३५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आ.व. २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३. | सिचाई योग्य जमिन | प्रतिशत | ३० | ३० | ३५ | ४० | ४५ |
| ४. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |
| ५. | निरपेक्ष गरिवीको रेखामुनीको जनसंख्या | प्रतिशत | ३२ | ३२ | २१ | ११ | ११ |
| ६. | आयात निर्यातको औषत अनुपात | प्रतिशत | - | | | | |
| ७. | बेरोजगारी दर | प्रतिशत | ४२ | ४२ | ४० | ३८ | ३५ |
| ८. | मानव विकास सुचकांक | | ०.५६७ | ०.५६७ | ०.६११ | ०.६७८ | |

*स्रोतः आवधिक योजना तथा विषयगत विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य समेत समष्टिगत नतिजा खाका **तालिका २.२** मा प्रस्तुत गरिएको छ।

***तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आ.व. २०७८/ ७९ को यथार्थ उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | ०८०/८१ | ०८१/८२ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | ७५ | ७५ | ७५ | ८० | ८५ |
| २ | आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३२ | ३३ | ३५ | ३९ | ३२ |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | १५ | १७ | २० | २३ | २३ |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ७.५ | ८ | ९ | ११.५ | ११.५ |
| ५ | साक्षरता दर | प्रतिशत | ५६ | ५६ | ६० | ६५ | ७० |
| ६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९५ | ९५ | ९५ | १०० | १०० |
| ७ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ९५ | ९५ | ९५ | १०० | १०० |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती | प्रतिशत | ७९ | ९५ | ९५ | १०० | १०० |
| ११ | औसत आयू | वर्ष | ७० | ७२ | ७२ | ७२ | ७५ |
| १३ | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ४५ | ४५ | ४५ | ६५ | ७५ |
| १४ | वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ६० | ६० | ६५ | ७० | ७५ |
| १५ | कुपोषण दर | प्रतिशत | २ | २ | २ | १ | १ |
| १६ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ९० | ९० | ९५ | १०० | १०० |
| १७ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| १८ | भवनसहिंता अनुसार निर्माण आवास घर | संख्या | २० | ३० | ४० | ५० | ६० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आ.व. २०७८/ ७९ को यथार्थ उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | ०८०/८१ | ०८१/८२ |
| १९ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३ | ५ | ५ | १० | १० |
| २० | बिधुत सेवा बाट लाभाम्बित जनसख्या | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| २१ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | १ | १ | ५ | १० | १५ |
| २२ | आफ्नो आयको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसंख्याको प्रतिशत | प्रतिशत | ६० | ६० | ६५ | ६५ | ६५ |
| २३ | हरियाली क्षेत्र | प्रतिशत | ७.७९ | ७.७९ | ७.७९ | ७.७९ | ७.७९ |
| २४ | नगरपालिका को नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८० | ८५ | ८५ | ९० |
| २५ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | - | | | | |
| २६ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| २७ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ७० | ७५ | ७५ | ८० | ८५ |
| २८ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ८० | ८५ | ९० | १०० | १०० |

*स्रोतः पहिलो आवधिक योजना र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ । नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीय ताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने गरी विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ ।

नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक बजेट  सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । त्रीवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण विवरण **तालिका २.३** मा प्रस्तुत गरिएको छ :

### *तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)*

| क.सं. | बजेटका स्रोतहरु | २०७८/७९ को यथार्थ | आय अनुमान र प्रक्षेपण | | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० अनुमान | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | |
| **क.** | **राजस्व तथा अनुदान** | ५२८२८३ | ६०६६३८ | ६४०१४० | ७२२५४५ | ७६९४५७ | २७३८७८१ |
| १ | **आन्तरिक आय** | ३२७८ | १७१५४६ | २०५८५५ | २१६१४८ | २१६१४९ | ८०९६९८ |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | ७७४८१ | १३४५८४ | ३५५१३ | ३७२८८ | ३७२८८ | २४४६७३ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | ७४१८१ | २२८०९ | ३४२१४ | ३५९२४ | ३७७२० | १३०६६७ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | ३३०० | ११८१ | १२९९ | १३६४ | १५०० | ५३४५ |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ४४ | ० | ० | ० | ४४ |
| | *वन रोयल्टी* | | ० | ० | ० | ० | ० |
| | *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० |
| | *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० |
| | *विद्युत रोयल्टी* | ० | ० | ० | ० | ० | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ४४ | ० | ० | ० | ४४ |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ४३०००९ | १८८२५२ | १९७६६५ | २०७५४८ | २२८३०३ | ८२१७६७ |
| | *वित्तीय समानीकरण अनुदान* | १११५०० | १०३९०० | ६२६८५ | ६५८१९ | ७२४०१ | २६०६०५ |
| | *सशर्त अनुदान* | २७६७०९ | ११६०५२ | १२१८५५ | १२७९४७ | १४०७४२ | ५०६५९६ |
| | *समपुरक अनुदान* | २१००० | ७५०० | ७८७५ | ८२६९ | ९०९६ | ३२७३९ |
| | *विशेष अनुदान* | २०८०० | ५००० | ५२५० | ५५१३ | ६०६४ | २१८२६ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २०७९३ | ६६१८ | ६९४९ | ७२९६ | ८०२६ | २८८८९ |
| | *वित्तीय समानीकरण अनुदान* | ७९९२ | ४२१८ | ४४२९ | ४६५० | ५११५ | १८४१३ |
| | *सशर्त अनुदान* | ० | | ० | ० | ० | ० |
| | *समपुरक अनुदान* | ४८०१ | १२०० | १२६० | १३२३ | १४५५ | ५२३८ |
| | *विशेष अनुदान* | ८००० | १२०० | १२६० | १३२३ | १४५५ | ५२३८ |
| ६ | **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० |
| ७ | **जनसहभागिता** | | | | | ० | ० |
| ८ | **नगद मौज्दात** | ० | १०५५९४ | १९४१५९ | २५४२६५ | २७९६९२ | ८३३७१० |
| **ख.** | **कुल खर्च** | ९७३२२७ | २१८७०० | २४०५७० | २६४६२७ | २९१०९० | १०१४९८७ |
| १ | चालु खर्च | ५२५००० | ८८००० | ९६८०० | १०६४८० | ११७१२८ | ४०८४०८ |
| २ | पुँजीगत खर्च | ४४८२२७ | १३०७०० | १४३७७० | १५८१४७ | १७३९६२ | ६०६५७९ |
| घ | वित्तिय व्यवस्था | ० | | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ:

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

आवधिक योजनामा उल्लिखित प्राथमिकताका क्षेत्रलाई समष्टिगत रणनीतिको रुपमा परिभाषित गरी रणनीतिक रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नम्बर २.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रक्षेपण | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पर्यटन विकास | २ | २४०५० | ३.७५ | २६०७० | ३.५८ | २८०७० | ३.६८ |
| २ | कृषि पशुपंक्षी विकास | ९ | ४५५० | ०.७१ | ५४६० | ०.७५ | ६२४० | ०.८२ |
| ३ | सहकारीतथा वित्त | २ | ३२५० | ०.५१ | ३२५० | ०.४५ | ४०५० | ०.५३ |
| ४ | शिक्षा | ४ | ५४५५० | ८.५१ | ६०५५० | ८.३१ | ६०५५० | ७.९३ |
| ५ | स्वास्थ्य | ६ | ७५०८० | ८.५१ | ८७०८० | ११.९६ | ९६०५० | १२.५८ |
| ६ | पुर्वाधार | १६ | १४९६२९ | २३.३५ | १८५०७० | २५.४१ | २०५०७० | २६.८५ |
| ७ | वन संरक्षण, उद्यम रोजगारी | ४ | १५०७० | २.३५ | १५०७० | २.०७ | १८०९० | २.३७ |
| ८ | दक्ष प्रशासन | ४ | ३१४५५० | ४९.०९ | ३४५६७० | ४७.४७ | ३४५६७० | ४५.२६ |
| | **जम्मा** | ४७ | ६४०१४० | १००.०० | ७२२५४५ | १००.०० | ७६९४५७ | १०० |

### ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो प्राथमिकता (P1) | २५ | ३८४४३७ | ६० | ४३६९३२ | ५९ | ४५४२७४ | ५९ |
| दोश्रो प्राथमिकता (P2) | २२ | २५६२९१ | ४० | २९१२८८ | ४१ | ३०५५१६ | ४१ |
| **जम्मा** | ४७ | ६४०१४० | १००.०० | ७२२५४५ | १००.०० | ७६९४५७ | १०० |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३ | ३४६० | ०.५४ | ४५६० | ०.६३ | ५६७८ | ०.७४ |
| २ | शुन्य भोकमरी | २ | ४५५० | ०.७१ | ६०५२ | ०.८४ | ६०५० | ०.७९ |
| ३ | स्वस्थ्य जीवन | ४ | ६०८५६ | ९.५१ | ८८६२२ | १२.२७ | ८८६२२ | ११.५२ |
| ४ | गुणस्तरीय शिक्षा | ४ | ४२५३३ | ६.६४ | ४२५३३ | ५.८९ | ४२५३३ | ५.५३ |
| ५ | लैंगिक समानता | ४ | ४२०० | ०.६६ | ४२०० | ०.५८ | ४२०० | ०.५५ |
| ६ | सफा पानी र स्वच्छता | ३ | १२६३३ | १.९७ | १२६३३ | १.७५ | १२६३३ | १.६४ |
| ७ | आधुनिक उर्जामा पहुँच | १ | १७५० | ०.२७ | १७५० | ०.२४ | १००० | ०.१३ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १ | २२५० | ०.३५ | २५६० | ०.३५ | ४५६० | ०.५९ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २ | ३३२५ | ०.५२ | ३३२५ | ०.४६ | ३३२५ | ०.४३ |
| १० | असमानता न्यूनीकरण | ३ | १०६७५ | १.६७ | १०६९० | १.४८ | १०४५० | १.३६ |
| ११ | दिगो शहर र समुदाय | ७ | ४०६५७० | ६३.५१ | ४३०५८० | ५९.५९ | ४९७५२६ | ६४.६५ |
| १२ | दिगो उपभोग र उत्पादन | ७ | ५८०० | ०.९१ | ५३०० | ०.७३ | ५८०० | ०.७५ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | ३ | २३१४० | ३.६१ | ३७६१० | ५.२१ | १५०५० | १.९६ |
| १४ | जमीन मुनिको जीवन | | | ०.०० | | ०.०० | | ०.०० |
| १५ | जमीन माथिको जीवन | | | ०.०० | | ०.०० | | ०.०० |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | २ | ४०५२ | ०.६३ | ४५६० | ०.६३ | ४५६० | ०.५९ |
| १७ | दिगो विकासका लागि साझेदारी | १ | ५४३४५ | ८.४९ | ६७५७० | ९.३५ | ६७५७० | ८.७८ |
| | **जम्मा** | | **६४०१३९** | **१००.०** | **७२२५४५** | **१००.०** | **७६९५५७** | **१००.०** |

## घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ९ | ९६१०९ | १५ | १०९२३३ | १५ | ११४५६९ | १५ |
| सहयोगी | १४ | १२८१४५ | २० | १४५६४४ | २० | १५२७५८ | २० |
| तटस्थ | ३३ | ४१६४७३ | ६५ | ४७३३४३ | ६५ | ४९६४६४ | ६५ |
| **जम्मा** | **४७** | **६४०१३९** | **१००.०** | **७२२५४५** | **१००.०** | **७६९५५७** | **१००.०** |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

***तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| जलवायु संकेत | आयोजना / कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्तै सान्दर्भिक | ५ | ९६१०९ | १५ | १०९२३३ | १५ | ११४५६९ | १५ |
| सान्दर्भिक | ९ | १२८१४५ | २० | १४५६४४ | २० | १५२७५८ | २० |
| तटस्थ | ३३ | ४१६४७३ | ६५ | ४७३३४३ | ६५ | ४९६४६४ | ६५ |
| **जम्मा** | ४७ | **६४०१३९** | १००.० | **७२२५४५** | १००.० | **७६९५५७** | १००.० |

### च. नगरपालिका गौरवका आयोजना

नगरपालिकाले सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ। नगरपालिका गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८९/८० को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

***तालिका २.९ : नगरपालिकाका गौरवका आयोजना***

| क्र.सं. | गौरवका आयोजना | २०८०/८१ को व्यय अनुमान | २०८१/८२ को खर्च प्रक्षेपण | २०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १. | वाम्का देखी त्रिवेणी न.पा को कार्यालय हुदै किम्नी जोडीने सडकको योजना | १६००० | १६००० | १६००० |
| २. | वडा नं. ५ किम्नीको कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्ने | ५००० | ५००० | ५००० |
| ३. | वडीमालिका पर्यटकिय पदमार्ग निर्माण र होमस्टेको संचालन वडा नं. २ | २००० | २००० | २००० |
| ४. | बाग्चंडी माण्डौ ताल संरक्षण गर्ने तथा गार्डन (बगैचा) निर्माण गर्ने वडा नं. ३ | १५००० | १५००० | १५००० |
| ५. | जिरोपोइन्ट देखी मौरे तोली, छतारा वडा नं.१ को कार्यलय सम्म सडक स्तरोन्नती गर्ने | ११६६६ | ११६६६ | ११६६६ |
| ६. | वेडुपानी देखी पैमा सडक स्तरोन्नती | २००० | २००० | २००० |
| ७. | जडीवुटी उत्पादन तथा प्रशोधन केन्द्र वडा नं. २ | १५०० | १५०० | १५०० |
| ८ | बहुउद्देशिय प्रशासनिक भवन निर्माण | २००० | २००० | २००० |
| ९ | अत्याधुनिक डम्पिङ साइटको स्थापना गर्ने वडा नं. ३ | १००० | १००० | १००० |
| १० | आपतकालिन प्रतिकार्य संचालन केन्द्रको स्थापना | २५०० | २५०० | २५०० |
| ११ | ग्रमिण अस्पताल निर्माण ५,१० सैया | ३०००० | ३०००० | ३०००० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ।

***तालिका २.८ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| क | **आर्थिक विकास** | २०८०/८१ | ५८५७१ | ११७१४ | ४६८५७ | ० | ९८५२ | ४७९८६ | ७३३ | ० |
| | | २०८१/८२ | ६५८२३ | १३१६५ | ५२६५८ | ० | ११९७४ | ५३७२९ | ९२० | ० |
| | | २०८२/८३ | ६३३४७ | १२६६९ | ५०६७८ | ० | १२१२० | ५०१११ | १११६ | ० |
| १ | कृषि तथा खाद्य सुरक्षा | २०८०/८१ | ५२५० | १०५० | ४२०० | ० | ८५५ | ४०७६ | ३१८ | ० |
| | | २०८१/८२ | ५५६० | १११२ | ४४४८ | ० | ८९५ | ४१८१ | ४८४ | ० |

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | २०८२/८३ | ६०५० | १२१० | ४८४० | ० | १७७ | ५२१४ | ६५९ | ० |
| २ | सिंचाई | २०८०/८१ | १८२० | ३६४ | १४५६ | ० | ४२८ | १३९२ | ० | ० |
| | | २०८१/८२ | २३५० | ४७० | १८८० | ० | ४४७ | १९०३ | ० | ० |
| | | २०८२/८३ | २६५० | ५३० | २१२० | ० | ५८९ | २०६१ | ० | ० |
| ३ | पशु सेवा | २०८०/८१ | ४५५० | ९१० | ३६४० | ० | ४२८ | ४१२२ | ० | ० |
| | | २०८१/८२ | ४८५० | ९७० | ३८८० | ० | ४४७ | ४४०३ | ० | ० |
| | | २०८२/८३ | ५२५० | १०५० | ४२०० | ० | ५८९ | ४६६१ | ० | ० |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | २०८०/८१ | ३२०१ | ६४० | २५६१ | ० | ४२८ | २७७३ | ० | ० |
| | | २०८१/८२ | १४५० | २९० | ११६० | ० | ४४७ | १००३ | ० | ० |
| | | २०८२/८३ | १७५० | ३५० | १४०० | ० | ४५९ | १२९१ | ० | ० |
| ५ | पर्यटन तथा संस्कृति | २०८०/८१ | २३००० | ४६०० | १८४०० | ० | ६४२८ | १६५७२ | ० | ० |
| | | २०८१/८२ | २८००० | ५६०० | २२४०० | ० | ७४४७ | २०५५३ | ० | ० |
| | | २०८२/८३ | २२५०० | ४५०० | १८००० | ० | ८५८९ | १३९११ | ० | ० |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०८०/८१ | १८५० | ३७० | १४८० | ० | १२८६ | ५६४ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | ७२३ | २८९० | ० | १४८९ | २१२३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | ७६९ | ३०७८ | ० | १७१८ | २१३० | ० | ० |
| ७ | श्रम, रोजगारी | २०८०/८१ | १४५०० | २९०० | ११६०० | ० | ० | १४०८५ | ४१५ | ० |
| | | २०८१/८२ | १५२०० | ३०४० | १२१६० | ० | ० | १४७६४ | ४३६ | ० |
| | | २०८२/८३ | १६१०० | ३२२० | १२८८० | ० | ० | १५६४३ | ४५७ | ० |
| ८ | गरिबी निवारण | २०८०/८१ | ४४०० | ८८० | ३५२० | ० | ० | ४४०० | ० | ० |
| | | २०८१/८२ | ४८०० | ९६० | ३८४० | ० | ० | ४८०० | ० | ० |
| | | २०८२/८३ | ५२०० | १०४० | ४१६० | ० | ० | ५२०० | ० | ० |
| **ख** | **सामाजिक विकास** | २०८०/८१ | **९४०६५** | **१८८१३** | **७५२५२** | **०** | **४५२२२** | **३८८७०** | **९९७४** | **०** |
| | | २०८१/८२ | **११९७३०** | **२३९४६** | **९५७८४** | **०** | **५२८७९** | **५६३१४** | **१०५३७** | **०** |
| | | २०८२/८३ | **१४८२१०** | **२९६४२** | **११८५६८** | **०** | **६०५१०** | **७६६६६** | **११०३४** | **०** |
| ९ | शिक्षा, कला, भाषा तथा साहित्य | २०८०/८१ | ४१२१५ | ८२४३ | ३२९७२ | ० | १९२८३ | १८६१३ | ३३१८ | ० |
| | | २०८१/८२ | ४२०५० | ८४१० | ३३६४० | ० | २२३४२ | १६२२४ | ३४८४ | ० |
| | | २०८२/८३ | ४४५७० | ८९१४ | ३५६५६ | ० | २५७६६ | १५१४५ | ३६५९ | ० |
| १० | स्वास्थ्य तथा पोषण | २०८०/८१ | ३४०५० | ६८१० | २७२४० | ० | १९२८३ | ९७८९ | ४९७८ | ० |
| | | २०८१/८२ | ५७०८० | ११४१६ | ४५६६४ | ० | २२३४२ | २९५११ | ५२२७ | ० |
| | | २०८२/८३ | ८५०४० | १७००८ | ६८०३२ | ० | २५७६६ | ५३७८६ | ५४८८ | ० |
| ११ | खानेपानी तथा सरसफाइ | २०८०/८१ | १३२०० | २६४० | १०५६० | ० | ६४२८ | ६७७२ | ० | ० |
| | | २०८१/८२ | १४२०० | २८४० | ११३६० | ० | ७४४७ | ६७५३ | ० | ० |
| | | २०८२/८३ | १०५०० | २१०० | ८४०० | ० | ८५८९ | १९११ | ० | ० |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८०/८१ | ३५५० | ७१० | २८४० | ० | २१४ | १६७७ | १६५९ | ० |
| | | २०८१/८२ | ४०५० | ८१० | ३२४० | ० | ७२४ | १५८४ | १७४२ | ० |
| | | २०८२/८३ | ५०५० | १०१० | ४०४० | ० | २९४ | २९२६ | १८२९ | ० |

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १३ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८०/८१ | २०५० | ४१० | १६४० | ० | १४ | २०१८ | १८ | ० |
| | | २०८१/८२ | २३५० | ४७० | १८८० | ० | २४ | २२४२ | ८४ | ० |
| | | २०८२/८३ | ३०५० | ६१० | २४४० | ० | ९४ | २८९७ | ५९ | ० |
| **ग** | **पूर्वाधार विकास क्षेत्र** | **२०८०/८१** | **१४५७००** | **१०८३३** | **१३४८६८** | **०** | **१०३९२९** | **७९५७८** | **९५९३३** | **०** |
| | | **२०८१/८२** | **१६९४२०** | **१२९०४** | **१५६५१७** | **०** | **२५१०१** | **११८७५५** | **२५५६५** | **०** |
| | | **२०८२/८३** | **२१००६२** | **१६११७** | **१९३९४५** | **०** | **२७५७९** | **१६५२४९** | **१७२३४** | **०** |
| १४ | बस्ती विकास, आवास तथा भवन | २०८०/८१ | ४५०५० | ४५०५ | ४०५४५ | ० | १२८५५ | २७२१७ | ४९७८ | ० |
| | | २०८१/८२ | ५९०५० | ५९०५ | ५३१४५ | ० | १४८९५ | ३८९२९ | ५२२७ | ० |
| | | २०८२/८३ | ७८९८२ | ७८९८ | ७१०८४ | ० | १७१७७ | ५६३१७ | ५४८८ | ० |
| १५ | सडक तथा यातायात | २०८०/८१ | ९६०५० | ४८०३ | ९१२४८ | ० | ९०८८२ | ४८०२५ | ९०८८२ | ० |
| | | २०८१/८२ | १०५०७० | ५२५४ | ९९८१७ | ० | ९९६५ | ७५१३९ | १९९६५ | ० |
| | | २०८२/८३ | १२५०८० | ६२५४ | ११८८२६ | ० | ९९६२ | १०३७४५ | ११३७३ | ० |
| १६ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८०/८१ | १०५० | १०५ | ९४५ | ० | ९१ | ८८६ | ७३ | ० |
| | | २०८१/८२ | १२५० | १२५ | ११२५ | ० | ९० | ७८७ | ३७३ | ० |
| | | २०८२/८३ | १४५० | १४५ | १३०५ | ० | ९० | ९८७ | ३७३ | ० |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | २०८०/८१ | ३५५० | १४२० | २१३० | ० | १०० | ३४५० | ० | ० |
| | | २०८१/८२ | ४०५० | १६२० | २४३० | ० | १५० | ३९०० | ० | ० |
| | | २०८२/८३ | ४५५० | १८२० | २७३० | ० | ३५० | ४२०० | ० | ० |
| **घ** | **वन तथा वातावरण क्षेत्र** | **२०८०/८१** | **९४५१** | **५८०८** | **३६४३** | **०** | **९६५** | **८००९** | **४७८** | **०** |
| | | **२०८१/८२** | **१०७७५** | **६६३६** | **४१३९** | **०** | **५१०** | **१०१२३** | **१४२** | **०** |
| | | **२०८२/८३** | **११७४५** | **७२७०** | **४४७५** | **०** | **१२००** | **८७१५** | **१८२९** | **०** |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | २०८०/८१ | ३२०१ | १२८० | १९२० | ० | १५० | ३०५१ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | १४४५ | २१६८ | ० | २०० | ३४१३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | १५३९ | २३०८ | ० | ३०० | ३५४७ | ० | ० |
| १९ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८०/८१ | ३२०१ | २२४० | ९६० | ० | ५०० | २७०१ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | २५२९ | १०८४ | ० | २६० | ३३५३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | २६९३ | ११५४ | ० | २०० | ३६४७ | ० | ० |
| २० | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | २०८०/८१ | ३०५० | २२८८ | ७६३ | ० | ३१५ | २२५७ | ४७८ | ० |
| | | २०८१/८२ | ३५५० | २६६३ | ८८८ | ० | ५० | ३३५८ | १४२ | ० |
| | | २०८२/८३ | ४०५० | ३०३८ | १०१३ | ० | ७०० | १५२१ | १८२९ | ० |
| **ङ** | **संस्थागत विकास क्षेत्र** | **२०८०/८१** | **३२५६८५** | **३१९०५५** | **६६३०** | **०** | **१२८८०४** | **१९६८८१** | **०** | **०** |
| | | **२०८१/८२** | **३३७१०६** | **३३०२२६** | **६८८०** | **०** | **१४९१९२** | **१८७९१४** | **०** | **०** |
| | | **२०८२/८३** | **३५८१८८** | **३५०८४२** | **७३४५** | **०** | **१७२०७९** | **१८६१०९** | **०** | **०** |
| २१ | नीति, कानून, न्याय तथा सुशासन | २०८०/८१ | ३२०१ | ३१३७ | ६४ | ० | ९० | ३१११ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | ३५४० | ७२ | ० | ७० | ३५४३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | ३७७० | ७७ | ० | ८० | ३७६७ | ० | ० |

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २२ | संगठन, मानव संशाधन र सेवा प्रवाह | **२०८०/८१** | २४५०६० | २४०१५९ | ४९०१ | ० | १२८५५४ | ११६५०६ | ० | ० |
| | | **२०८१/८२** | २५६०७० | २५०९४९ | ५१२१ | ० | १४८९४७ | १०७१२३ | ० | ० |
| | | **२०८२/८३** | २६७०८० | २६१७३८ | ५३४२ | ० | १७१७७४ | ९५३०६ | ० | ० |
| २३ | राजस्व तथा राजस्व परिचालन | **२०८०/८१** | १६०० | १५२० | ८० | ० | ३० | १५७० | ० | ० |
| | | **२०८१/८२** | १८०६ | १७१६ | ९० | ० | २५ | १७८१ | ० | ० |
| | | **२०८२/८३** | १९२४ | १८२७ | ९६ | ० | ४५ | १८७९ | ० | ० |
| २४ | तथ्याङ्क, योजना तथा बिकास परिचालन | **२०८०/८१** | ८५० | ७६५ | ८५ | ० | १३० | ७२० | ० | ० |
| | | **२०८१/८२** | १०५० | ९४५ | १०५ | ० | १५० | ९०० | ० | ० |
| | | **२०८२/८३** | १५५० | १३९५ | १५५ | ० | १८० | १३७० | ० | ० |
| | **जम्मा** | **२०८०/८१** | **६४०१४०** | **३६६२२३** | **२६७२४९** | **०** | **२८८७७२** | **३७१३२३** | **१०७११७** | **०** |
| | | **२०८१/८२** | **७२२५४५** | **३८६८७६** | **३१५९७८** | **०** | **२३८८५६** | **४२६८३४** | **३७१६४** | **०** |
| | | **२०८२/८३** | **७६९४५७** | **४१६५४१** | **३७५०११** | **०** | **२७३४८९** | **४८६८५०** | **३१२१३** | **०** |

आर्थिक वर्ष २०७९/८० को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत **अनुसूची २** मा समावेश गरिएको छ ।

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

त्रिवेणी नगरपालिकाको आर्थिक मेरुदण्ड भनेकै कृषि, कृषि जन्य उद्योग र पशुपालनलाई विशेष रुपमा लिन सकिन्छ । कृषि व्यवसाय तर्फ यस नगरपालिकामा कृषिमा आवद्ध परिवार संख्या ३५३८, पशुपालनमा आवद्ध ३५०५ , कुखुरा पालनमा आवद्ध ३५, व्यापारमा आवद्ध ११० र वैदेशिक रोजगार मा ७२ परिवार संख्या रहेको छ । हाल यस नगरपालिकामा व्यवसायिक बाख्रा फार्म १४, व्यवसायिक कुखुरा फार्म ३५, बंगुर फार्म ८ र भैसी फार्म १४, वाखा फार्म ३५ रहेका छन् । वटा सञ्चालनमा रहेका छन् । यस बाट प्रत्यक्ष रुपमा ५६ जनाले रोजगारी पाएका छन् । यी कृषि व्यवसायहरु मुख्य रुपमा वडा नं. २, ३, र ४ मा संचालित रहेका छन् । यस नगरपालिकाको विशेष गरी आर्थिक गतिविधिमा सकृय रहने ठाँउ, डाँडा, तोली, घाँसेडाँडा, खिन्नेसन्यदेवी र चाउडे रहेका छन् जँहा स्थानिय कृषकका कृषि उत्पादन विक्रि गरी आर्थिक गतिविधिलाई चलाएमान बनाउन महत्वूर्ण भूमिका खेलेको छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल जस्तै ओखर, सुन्तला आदी लगाइने गरेको छ । खाद्य सुरक्षा तर्फ त्रिवेणी नगरपालिकामा कुल क्षेत्रफल मध्ये कृषियोग्य भुमि ११.६५ प्रतिशत मात्र रहेको छ । यँहा धान, मकै, गहुँ, कोदो, जौ, आलु उत्पादन हुने गर्दछ सबै जसो कृषक परम्परागत खाद्य वाली तथा तरकारी उत्पादनमा संलग्न छन । उत्पादित वस्तु स्थानीय वजारमा खपत हुने गरेको छ भने पालिका बाट वाह्य वजारमा हुने निर्यातको मात्रा नगन्य छ ।

त्यस्तै कुल खेती योग्य जमिन २११७ हे. मध्ये जम्मा ८६५ हे. मात्र सिचाइ हुनु र सिचाइकै अभावले जमिन बाँझो रहने गरेको छ ।

### ३.१.२ समस्या तथा चूनौति

हिउँदमा सिचाईंको अभाव हुनु, कृषि उत्पादनको बजारीकरणको अभाव, वातावरण अनुकल उन्नत बिउ बिजन सहजरुपमा उपलब्ध नहुनु, कृषिको हकमा सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, किटनाशक औषधी तथा मलमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरुमा आवश्यक ज्ञानको कमी, चिस्यान केन्द तथा संकलन केन्द्रको अभाव कृषि क्षेत्रका मुख्य समस्या हुन । सिंचाइमा हालसम्म जम्मा २६ वटा सिंचाइ कुलो रहनु र सिंचाइको अभावले गर्दा ज्यादै कम मात्रामा उब्जनी हुने यसक्षेत्रमा कतिपय खेतबारीहरु बाँजै रहनु र माटोको परिक्षण नगरिकन खेति गर्दा अन्नबालिमा ह्रास आउनु यस नगरक्षेत्रको समस्या रहेको छन् भने असिना, बाढी, पहिरो जस्ता प्रकोपबाट खेति पर्याप्त मात्रामा नहुनु पनि यस नगरको विशेष समस्या रहेका छन् ।

कृषि क्षेत्रको यान्त्रिकरण र व्यवसायिकरणकालागि पर्याप्त पुँजी जुटाउनु, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्नु, कृषि उत्पादनमा वन्यजन्तुले गर्ने हानी रोक्नु, वालीमा देखिने रोगको पहिचान, परिक्षण तथा उपचारका लागि प्राविधिक र उपकरणको व्यवस्थापन गर्नु कृषि क्षेत्रका मुख्य चुनौती हुन ।

### ३.१.३ सोच

**“कृषिमा रोजगारी, पर्यटनमा आम्दानी”**

### ३.१.४ उद्देश्य

१. करार तथा सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व बृद्धि र उत्पादनहरुको व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल हुनेछ ।

२. परम्परागतवाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन र उत्पादकत्व वढाउनु ।

### ३.१.५ रणनीति

१ नगरपालिकाको आर्थिक विकासलाई मुर्तरुप दिन पालिका स्तरीय आर्थिक विकास समितिको मातहतमा "कृषिमा रोजगारी, पर्यटनमा आम्दानी आधारित नगर समृद्ध कार्यक्रम" सञ्चालन गरिने छ । त्यसका लागि आवश्यक नीति, कार्यक्रम तर्जुमा तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय मासिक | रु हजार | ८ | ८ | १० | १२ | १२ |
| कृषि क्षेत्रमा संलग्न सहकारी | संख्या | ३ | ३ | ५ | ७ | ९ |
| कृषि क्षेत्रमा संलग्न समूह | संख्या | १०२ | ११० | १२० | १५० | १५० |
| फलफुल खेती गरिएको जमिन प्रतिशत | प्रतिशत | १२ | १३.५ | १३.५ | १४ | १५ |
| कुल कृषि भूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ११.६५ | ११.६५ | ११.६५ | ११.६५ | १.६५ |
| स्थानीय उत्पादनले ओगटेको तरकारी र अन्य कृषि उपजको अनुपात | प्रतिशत | १५:८५ | १५:८५ | २०:८० | २५:७५ | २५:७५ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | २.२ | २.२ | २.३ | २.४ | २.५ |
| कुल तरकारी उत्पादन | मे.टन | ९ | ९ | १०.५ | ११ | ११.५ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५२५० | १०५० | ४२०० | - | ८५५ | ४०७६ | ३१८ | - |
| २०८१/८२ | ५५६० | १११२ | ४४४८ | - | ८९५ | ४१८१ | ४८४ | - |
| २०८२/८३ | ६०५० | १२१० | ४८४० | - | १७७ | ५२१४ | ६५९ | - |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कागति उत्पादन मिसन कार्यक्रम | व्यावसायिक रुपमा कागति खेतिको उत्पादन, बजारीकरण गर्ने | २०८०/८१ देखि ०८२/८३ सम्म | ४००० | जम्मा ९ वटा वडाबाट १८० जना अगुवा कृषक लाभान्वित हुनेछन् । |
| २ | आलुको बिउ उत्पादन कार्यक्रम | आलुको व्यवसायीकरण, विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | २०८०/८१ देखि ०८२/८३ सम्म | २०५० | जम्मा ९ वटा वडाबाट ३०० जना अगुवा कृषक लाभान्वित हुनेछन् । |
| ३ | मकैको बिउ उत्पादन कार्यक्रम १ देखि ४ वडा | मकैको व्यवसायीकरण, विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | २०८०/८१ देखि ०८२/८३ सम्म | १८५० | जम्मा ४ वटा वडाबाट २५० जना अगुवा कृषक लाभान्वित हुनेछन् । |
| ४ | रैथाने वाली प्रसवर्द्धन | स्थानीय स्तरका भएका रैथानेवालीहरुको संरक्षण, पर्वद्धन तथा उत्पादन गरि बजारीकरण गर्ने | २०८०/८१ देखि ०८२/८३ सम्म | ८०० | जम्मा ९ वटा वडाबाट ५०० जना अगुवा कृषक लाभान्वित हुनेछन् । |
| ५ | तरकारी उत्पादन तथा बजारीकरण कार्यक्रम | तरकारी उत्पादनको व्यवसायीकरण, विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | २०८०/८१ देखि ०८२/८३ सम्म | १७०० | जम्मा ७ वटा वडाबाट १८०० जना अगुवा कृषक लाभान्वित हुनेछन् । |
| ६ | कृषि विकास अन्य कार्यक्रम | कृषि उपजको व्यवसायीकरण, विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | सालबसाली | ६४६० | ३६० जना कृषक व्यावसायिक उत्पादनमा क्रियाशिल हुनेछन् । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधिको अभाव, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

खाद्यान्न बाली, नगदेबाली तथा जडिवुटि उत्पादनमा राम्रो सम्भावना रहेको यस त्रिवेणी नगरपालिकामा हाल २६ वटा सिंचाइको स्रोत सञ्चालनमा रहेको छ जसमा ९ वटा सिंचाइ आयोजना मौसमी रुपमा सञ्चालनमा रहेका छन् भने कुल २६ वटा आयोजना बाट १९२० घरधुरी लावान्बित भएका छन् र ८६५ हेक्टर जमिन सिंचित सिंचाइ क्षेत्र अन्तर्गत रहेका छन् । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा गाउँपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरू सफल वनाउन सके कृषि क्षेत्रमा उपलब्धी हाँसिल गर्न सक्ने देखिन्छ ।

### ३.२.२ समस्या तथा चुनौति

हिउँदमा सिचाँइको अभावले गर्दा व्यवसायिक कृषिमा असर, नहरहरुको राम्रो व्यवस्थापन हुन नसकेको, सिंचाइका नयाँ प्रविधिहरुको प्रयोग हुन नसकेको, भएको कुलोमा नियमित मर्मत नहुँदा सिंचाई गर्न समस्या भौगोलिक विविधताका वावजुत सिंचाई आयोजना निर्माण गर्नुपर्ने, सिंचाई को प्राविधिक पक्ष केलाउन विज्ञको आवश्यकता पर्ने, ठुला र व्यवस्थिा सिंचाई आयोजना निर्माणका लागि लगानी जुटाउनु सिंचाईका मुख्य चुनौती हुन ।

### ३.२.३ सोच

“सिंचित त्रिवेणी नगरपालिका, स्वावलम्बी र निर्यातमुखी कृषिको आधार”

### ३.२.४ उद्देश्य

१.कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न भरपर्दो आधुनिक सिँचाई सुविधा उपलब्ध गर्ने ।

२.सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।

### ३.२.५ रणनीति

१. खेति योग्य जमिनमा सिन्चाई सुबिधा उपलब्ध गराई उत्पादकत्व र उत्पादनमा बृद्दी गर्ने ।

२.उव्जाउ जमीनलाई संरक्षण गर्ने ।

३.परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नती गरी सुविधायुक्त बनाइने

४.हाल सञ्चालित परम्परागत तथा सिँचाइ प्रणालीको नक्साङ्कन सहित वस्तुगत विवरण (Profile) तयार पार्ने,

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछः

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ४० | ४० | ४० | ४२ | ४५ |
| सूचारु सिंचाई आयोजना | संख्या | ४ | ६ | १ | २ | ३ |
| सिंचाई सुविधामा प्रयोग भएका प्रविधि | प्रकार | १ | १ | १ | १ | १ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८२० | ३६४ | १४५६ | ० | ४२८ | १३९२ | ० | ० |
| २०८१/८२ | २३५० | ४७० | १८८० | ० | ४४७ | १९०३ | ० | ० |
| २०८२/८३ | २६५० | ५३० | २१२० | ० | ५८९ | २०६१ | ० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाइ,कुलो नहर, संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ६८२० | कुल खेति योग्य जमिनको १२ % क्षेत्रमा थप सिचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय  शासन प्रणाली अनुसार तीन तहको नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषी क्षेत्रको पूर्वाधार, प्रविधि तथा सीपको विकास हुनेछ । वेरोजगार युवाहरुलाई कृषि व्यवसायमा आकर्षिक हुनेछन् । नयाँ प्रविधि तथा नविनतम सिंचाइ प्रणालीको विकास गरेर सिंचाई  व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

पशुपंछिजन्य उत्पादनको सहज वजार पहुँच नहुनु, पशुका लागि चरन क्षेत्रको अभाव, पशुपालनमा देखिने रोगको पहिचान, परिक्षण र उपचारको लागि प्राविधिक, उपकरण तथा विधिको अभाव, स्थानीय सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, पशुपालनमा प्रयोग हने दाना, चापडको उचित बजार मुल्य नभएकोले खरिद बिक्रिमा समस्या हुनु पशुपालन क्षेत्रका मुख्य समस्या हुन । पशु विमा सर्भशुलभ नहुनु, परम्परागत प्रणाली यथावत रहनु, पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाव, पशुजन्य उत्पादनका लागि वजार व्यवस्थापन भरपर्दो नहुनु, गोठ सुधार कार्यक्रम दीगो नहुनु, पूर्वाधारको अभाव, पशुजन्य उत्पादनको मूल्य वैज्ञानिक नहुनु, कृषि तथा पशु अनुदानको (प्रविधि तथा पशु स्वास्थ्यमा) व्यवस्था नहुनु, उन्नत नश्लका पशुपंछिको अभाव, पशु आहारमा गुणस्तरीयताको अभाव, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु, नमुना पशुपालन फार्महरुको विकास हुन नसकेको अवस्था रहेको छ ।

### ३.३.२ समस्या तथा चूनौति

आधुनिक तथा व्यवसायिक तरिकाले पशुपालन गर्न आवस्यक पुजी र प्रविधि सहज रुपमा उपलब्ध गराउनु, पशुपंछिजन्य उत्पादनको मुल्य कायम गर्नु, दक्ष प्राविधिक उपलब्ध गराउनु, उन्नत नश्लका पशुपंछिको व्यवस्था गर्नु, स्थानीय सरकारबाट पर्याप्त मात्रामा अनुदान प्राप्त गर्नु पशुपालन क्षेत्रका चुनौती हुन ।

### ३.३.३ सोच

“व्यवसायिक पशुपंछिपालन त्रिवेणी वासीको समृद्धिको आधार ”

### ३.३.४ उद्देश्य

१. पशुपालनलाई मर्यादित र सम्मानजनक पेसा र नाफमूलक व्यवसायका रूपमा स्थापित गर्न नगरपालिका , कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्नु ।

२. नगरपालिकाको भौगोलिक वातावरण अनुसारका पशुपंछिपालनको उत्पादन र उपभोगमा आत्मनिर्भर वन्दै निर्यात वढाउनु ।

### ३.३.५ रणनीति

१. पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दीगो आयश्रोतको रुपमा स्थापित भई गरिवी न्यूनीकरण भएको हुनेछ त्यस्तै पशुजन्य पदार्थ र पशु स्वास्थ्यमा उल्लेखनीय सुधार आएको हुनेछ ।

२. पकेट क्षेत्रको विस्तार संगै पशुपालन व्यवसायमा कृषकहरुको आकर्षण बढेको हुनेछ ।

३. पशुपंछिपालन व्यवसायलाई आधुनिक, व्यवस्थित तथा प्रविधिमैत्री वनाउने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १५० | १५० | | | |
| व्यवसायिक फर्मको संख्या | संख्या | १५० | १६० | १७० | १८० | १८५ |
| बार्षिक दुधको उत्पादन दैनिक | केजी | १८०० | २००० | २२०० | २५०० | २६०० |
| बार्षिक मासु उत्पादन दैनिक | केजी | ४०० | ४२० | ४५० | ४८० | ४९० |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | १०००० | १२००० | १५००० | १८००० | २०००० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५५० | ९१० | ३६४० | - | ४२८ | ४१२२ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१/८२ | ४८५० | ९७० | ३८८० | | ४४७ | ४४०३ | ० | |
| २०८२/८३ | ५२५० | १०५० | ४२०० | | ५८९ | ४६६१ | ० | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुबिमा कार्यक्रम | पशुबिमा मार्फत किसानहरुका पशु तथा चौपायाहरुको विमा गर्ने | सालबसाली | ५०० | १००० जना कृषकहरु लाभाम्बित हुनेछन् । |
| २ | वाखा फार्म बिकास कार्यक्रम | वाखा बिकास अनुदान कार्यक्रम | तिन वर्ष | ३९५० | २२ जना व्यावसायिक कृषकहरु लाभाम्बित हुनेछन् । |
| ३ | भैसि पकेट कार्यक्रम | उन्नतजातका भैसिहरुको प्रवर्द्धन गर्नुका साथे दुग्धव्यावसायलाई बढाउने | तिन वर्ष | २५५० | ८ जना व्यावसायिक कृषकहरु लाभाम्बित हुनेछन् । |
| ४ | पशुपंक्षी उपचार, प्रसार सूचना, प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | ७६५० | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा १२ प्रतिशतले वृद्धि हुनेछ । |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकार बीच नीति तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशीपालन व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

व्यापार तथा उद्योग आर्थिक विकासको प्रमुख आधार हो । यस नगरपालिकामा ठूला उद्योगहरू नभए तापनि साना खालका व्यापार व्यवसाय तथा कृषिमा आधारित घरेलु उद्योगहरू सञ्चालनमा रहेको देखिन्छ । यस त्रिवेणी नगरपालिकामा फर्निचर साना उद्यमीहरु, कुटानी पिसानी मिल्सहरू, स्लेट उद्यमीहरु,मसला उद्योग लगायतका उद्योगहरु संचालनमा रहेका छन् र भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन । हालको अवस्थामा यस नगरका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका कारण उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागिसकेका छैनन् । कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ । उद्योग तथा कलकारखाना विकासका लागी सर्वप्रथम औद्योगिक पूर्वाधारहरू जस्तैः सडक यातायात, श्रमशक्ति (सीपयुक्त तालिम सहितको दक्ष जनशक्ति), औद्योगिक कच्चा पदार्थहरू, पूँजी, लगानीमैत्री वातावरण, प्रविधि, उर्जा, औद्योगिक सुरक्षा र उपभोक्ता बजार आदिको विकास गर्नु जरुरी छ ।

### ३.४.२ समस्या तथा चूनौति

नगरपालिकाको धेरै भाग पहाडी र उच्च पहाडी क्षेत्रमा परेकोले उद्योग सञ्चालनमा समस्या उत्पन्न हुनु, कुनै पनि वस्तुको बजार मूल्य सामानता नहुनु, बजार प्रतिस्पर्धा कम हुनु, नगरपालिकाको दर्ता प्रकृयामा नआएका व्यवसायको संख्या धेरै हुनु, विद्युत सेवाको प्रवाहको कमीका कारण उद्योग व्यवसाय सञ्चालनमा कठीनाई हुनु, उद्योग सञ्चालनमा दक्ष कामदारको अभाव उद्योग र व्यवसायिक क्षेत्रका समस्या हुन् भने उद्योग तथा व्यवसाय अन्तर्गत सहज रुपमा ऋण प्राप्त गर्न नसक्नु, औद्योगिक कच्चा पर्दाथको अभाव, पूर्वाधारको कमी, औद्योगिक विकासमा स्थानिय निकायको उदाशिनता यस क्षेत्रका थप समस्याहरु हुन ।

### ३.४.३ सोच

“वातावरणमैत्री, व्यवस्थित उद्योग र व्यवसायको प्रवर्धन, त्रिवेणीबासीको आर्थिक समृद्धिको शान”

### ३.४.४ उद्देश्य

१. स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपको प्रयोग गर्दै उद्योग तथा व्यपारको प्रर्वद्धन गरी आय वृद्धि गर्नु ।
२. उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु ।
३. खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु ।

### ३.४.५ रणनीति

१. सुदुरपश्चिम प्रदेश तथा अन्तरनगरपालिकाको समन्वयमा औद्योगिक नीति निर्माण गर्ने

२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास र प्रवर्द्धन गर्ने,

३. समग्र उद्योग क्षेत्र लाई वातावरण मैत्री बनाउने,

४. स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाउने,

५. उद्योग दर्ता र बहिर्गमन प्रक्रियालाई सरलिकृत गर्न कानुनी र नीतिगत सुधार गर्ने,

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | १५० | १८० | १८० | १९० | २०० |
| नगरपालिकामा दर्ता भएका उद्योग व्यावसायहरु | संख्या | ९२ | १३० | १५० | १७० | १९० |
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजारमा | ७३ | २०० | २०० | ३०० | ४०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | - | - | - | १ | १ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ३७५ | ३८० | ४५० | ४७५ | ४९० |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५२५ | ३०५ | १२२० | ० | ४२८ | १०९७ | ० | |
| २०८०/८१ | १४५० | २९० | ११६० | ० | ४४७ | १००३ | ० | |
| २०८१/८२ | १७५० | ३५० | १४०० | ० | ४५९ | १२९१ | ० | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम तथा जटीबुटी उद्योग स्थापना वडा नं २ | क्षमता अभिब्रिद्वी, उत्पादकत्व बृद्वी भै स्थानीय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ७५०० | व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १२ प्रतिशतले वृद्धि हुनेछ। |
| २ | व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरि गुणात्मक ब्यबसाय बृद्वी गर्ने | सालबसाली | २४७५ | व्यवसाय करबाट संकलित राजस्वमा १६ प्रतिशतले वृद्धि हुनेछ। |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा औद्योगिक पूर्वाधारको विकास, आधुनिक प्रविधि तथा सीप विकास हुनेछ। समथर भुभाग भएका कारण देशका अन्य स्थानबाट र वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। नगरपालिकाको औद्योगिक नीति व्यविसायी मैत्री नहुनु र पुर्वाधारको विकास नभएमा यस्ता उद्योग व्यवसाय संचालनमा समस्या आउछ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

भौगोलिक अवस्थिति तथा बजारको सहज पहुँचका कारण नगरपालिकालाई धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सक्ने सम्भावना देखिन्छ । त्रिवेणी नगरपालिकामा हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको समेत विकास हुन नसकेपनि यस नगरपालिकामा पर्यटनको सम्भावना बोकेको क्षेत्र हो । विशेष गरी यस नगरपालिकालाई कृषि पर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ।

### ३.५.२ समस्या तथा चूनौति

नगर क्षेत्र भित्रका जातजातिको मौलिक साँस्कृतिलाई पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्नु, सामुदायिक वनलाई पर्यटन प्रवर्द्धनमा विकास गर्नु, आन्तरिक र वाह्य पर्यटकलाई आकर्षण गर्न सक्ने पर्यटकीय उत्पादन तयार पार्नु पर्यटन क्षेत्रका चुनौती हुन । त्यस्तै सिमित पर्यटकिय उत्पादन, पर्यटन सम्वन्धि नविनतम ज्ञान शिप र योजनाको अभाव, सडक पूर्वाधार कमजोर हुनु, पर्यटकको वसाई वढाउन चुनौतीपूर्ण हुनु, पर्यटकको प्रतिदिन खर्च वढाउन चुनौती, कृषि लगायतका अन्य पर्यटकिय उत्पादनको पूर्वाधारमा कमी, गाईडको अभाव, प्राविधिक तथा सुचना केन्द्रको अभाव यस क्षेत्रका थप चुनौती हुन्।

**अवसर**

बडिमालिका मन्दिर, त्रिवेणी पाटन, मौरे क्षेत्र धाम, नाटेश्वरी, कैलाशमाण्डौ, नन्दादेवी छतारा,खिन्नै सत्यदेवीलाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना पनि छ भने छतारा मन्दिर देखी बडिमालिका मन्दिर सम्म केवलकारको निर्माण भएमा धार्मिक पर्यटकीय केन्द्रलाई थप आकर्षणको रुपमा विकास गर्न सकिने देखिन्छ भने पदमार्ग क्षेत्रलाई पर्यटकीय रुपमा विकास गरी आम्दानी गर्न सक्ने देखिन्छ। तसर्थ पर्यटनका पूर्वाधारहरुको विकास तथा सम्बर्द्धन गर्दै पर्यटकहरुलाई आकर्षित गर्न सकिएमा पर्यटन

विकासको मार्फत आर्थिक रुपले समृद्ध क्षत्रेको रुपमा विकास हुन सक्दछ। यसको निम्ति नगर स्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने देखिन्छ। त्यस्तै नगर क्षेत्रको वडा नं.१, ७, ८ र ९ लाई होमस्टेको रुपमा प्रवर्धन गर्न सके यस क्षेत्रका नगरबासीको आर्थिक उन्नतिमा परिवर्तन हुने सम्भावना पनि रहेको देखिन्छ।

### ३.५.३ सोच

" आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको आधार पर्यटन विकासको प्रचारप्रसार सहित दिगो विकास"

### ३.५.४ उद्देश्य

१. पर्यटन पूर्वाधारको विकास गर्नु।
२. पर्यटनमार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु।

### ३.५.५ रणनीति

१. नगरपालिकालाई "पर्यावरणीय, सांस्कृतिक तथा कृषि पर्यटन केन्द्र" को रुपमा विकास गर्ने,
२. पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरुको विकास गरी नगरमा आन्तरिक तथा वाह्य पर्यटन विकासको माध्यमबाट विदेशी मुद्राको आर्जन, रोजगारी वृद्धि, नगरको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने,
३. पर्यटन गतिविधि तथा पर्यटक स्थलहरूको विभिन्न संचारको माध्यामहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेषगरी नगरपालिकामा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा प्रचार प्रसार सामग्री ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्रीको व्यवस्था गर्ने,
४. नगरपालिकाको आधिकारिक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| त्रिवेणी नगरपालिका भ्रमण गर्ने पर्यटक ( बार्षिक) | संख्या, हजारमा | ५ | ५ | ५ | ६ | ७ |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | २ | २ | २ | ३ | ३ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र हाइकिङ स्थल | संख्या | - | - | १ | १ | १ |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | - | - | १ | १ | १ |
| पर्यटकको औसत बसाई अवधी | दिन | ५ | ५ | ५ | ७ | ७ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय आय व्यय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | बजेटको स्रोत (रु. हजारमा) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | २३००० | ४६०० | १८४०० | - | ६४२८ | १६५७२ | ० | - |
| २०८१/८२ | २८००० | ५६०० | २२४०० | - | ७४४७ | २०५५३ | ० | - |
| २०८२/८३ | २२५०० | ४५०० | १८००० | - | ८५८९ | १३९११ | ० | - |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नाटेश्वरी वडीमालिका पार्क निर्माण | पार्क निर्माण वडा नं ७ | २०७८/७९ देखी २०८०/८१ सम्म | ६०००० | ५००० जना लाभाम्बित हुनेछन् । |
| २. | पर्यटन तथा संस्कृति प्रवर्द्धन कार्यक्रम | पर्यटकीय गन्तव्य, सेवा तथा सुबिधाको विकास, विस्तार र स्तरोन्नति गर्ने | सालबसाली | १३५०० | वार्षिक ९०००० पर्यटन भित्रिनेछन् । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन क्षेत्रको विकास र प्रवर्धनमा परिचालन हुनेछ र वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

सहकारीको माध्यमबाट विभिन्न स साना उद्योग तथा व्यवसाय जस्ता आर्थिक गतिविधि मार्फत त्रिवेणी नगरपालिकाको समृद्धि हासिल गर्न सकिन्छ । यहाँ संचालित विभिन्न सहकारी संस्था मार्फत पूँजी संकलन गरी जनताको दैनिक खाचो टार्नको साथै साना तथा घरेलु उद्योग संचालन गरी आय आर्जन गर्न सकिन्छ । देशको अर्थतन्त्रलाई चलायमान बनाउन र लगानीलाई मुनाफासँग आवद्ध गर्न वित्तीय परिचालन अत्यावश्यक रहेको छ ।  त्रिवेणी नगरपालिका भित्र हाल एउटा मात्र वैंक संचालनमा रहेको छ र सो बैंक नगरपालिकाको केन्द्र तोलीमा अवस्थित छ । त्यसैगरी नगर भित्र ६ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन । वैंक, वित्तिय संस्था तथा सहकारीले कृषि तथा गैर कृषि क्षेत्रमा लगानी गरेका छन् ।

### ३.६.२ समस्या तथा चूनौति

ग्रामिण वैंक तथा वित्तिय संस्थाको पहुँच कम हुनु, ऋण प्राप्तिमा प्रशासनिक झण्झट वढी हुनु, सहकारी संस्थाहरुको लगानी परिचालन व्यवस्थित नहुनु, ग्रामिण क्षेत्रका सेवाग्राहीमा मौद्रिक पहुँच कम हुनु, सहकारी सँस्थाको ऋण परिचालन भरपर्दो नहुनु, बचत गर्ने बानी नहुनु, वैंक तथा वित्तिय सेवा प्रभावकारी नहुनु, वैंक प्रतिको विश्वसनीयतामा कमी हुनु, र जनचेतनाको अभाव आदि वैंक, वित्तिय संस्था तथा सहकारीका समस्या हुन् ।

### ३.६.३ सोच

" सहज वित्तिय पहुँच, स्थानीय विकासको आधार "

### ३.६.४ उद्देश्य

१. कृषि तथा उद्योग क्षेत्रको विकासलाई टेवा पुग्ने गरी वित्तिय लगानी केन्द्रित गर्नु
२."एक टोल एक सहकारी, घर-घरमा रोजगारी" अभियानलाई साकार बनाउने
३. बैङ्किङ सेवालाई प्रत्येक वडामा विस्तार गर्ने

### ३.६.५ रणनीति

१. सहकारी सँस्थालाई नगरपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने
२. नगरपालिका भित्रहुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तीय संस्था र बचत ऋण समुह औपचारिक क्षेत्रमा संग कारोबार गर्न प्रोत्साहन गर्ने,
३. हरेक घरधुरीलाई बैङ्कसम्म पहुँच सुनिश्चित गर्न "एक घर कम्तिमा एक बैङ्क खाता" को नीति अवलम्बन गरी त्यसलाई साकार बनाउन नगरपालिकाले अभियान सञ्चालन गर्ने

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| सहकारीको संख्या | संख्या | २२ | २२ | २८ | ३० | ३२ |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ३० | ३० | ३२ | ३५ | ४० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १८५० | ३७० | १४८० | ० | १२८६ | ५६४ | ० | – |
| २०८१/८२ | २६०२ | ५२० | २०८२ | ० | १४८९ | १११३ | ० | – |
| २०८२/८३ | ३०१८ | ६०४ | २४१४ | ० | १७१८ | १३०० | ० | – |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी तथा वित्तीय सेवा प्रबर्द्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्धी तथा नियमपालनामा वृद्धि गर्नु | सालबसाली | ७४७० | ३० प्रतिशत सहकारीको क्षमतामा अभिवृद्धि हुनेछ । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुने र औपचारिक क्षेत्रबाट मात्र आर्थिक कारोवार हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादन र व्यवसायमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

श्रम तथा रोजगारी अर्न्तगत त्रिवेणी नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ले १०० दिनको रोजगारी सिर्जना गर्दछ, वेरोजगार यूवाहरुकोलागि त्यसबाट चालु आ.व. मा २०३ जना प्रत्यक्ष रुपमा लाभ लिएका छन् भने त्रिवेणी नगरपालिकामा आ.व. ०७९/८० मा नगरपालिकामा सुचिकृत भएको वेरोजगारीको तथ्यांक २९०६ मध्य महिला १७४१ तथा पुरुष ११६५ रहेको छ । यस नगरपालिकाका अधिकांस वासिन्दाहरु कृषि क्षेत्रमा निर्भर छन् अतः कृषि क्षेत्रले आंशिक रोजगारी दिए पनि बर्षै भरि रोजगारिको सुनिश्चितता नहुदा यस नगरपालिकाका युवाहरु अन्य रोजगारीका लागि अवसरको खोजिमा रहेका छन । वजार क्षेत्र र साफेवगर, मार्तडी राजमार्गमा वरपरका केही व्यक्तिहरु व्यापार, व्यवसायमा जस्तापाताका टहराहरु निर्माण गरि व्यावसायमा लागेको देख्न सकिन्छ । नगरपालिकाले श्रम तथा रोजगारी शाखाको व्यवस्थापन गरी तथ्यांकहरु अध्यावधिक गर्ने रोजगारीका दिर्धकालिन उपायहरुको अध्ययन गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.७.२ समस्या तथा चनौति

कृषि क्षेत्रले आंशिक रोजगारी दिए पनि बर्षैभरी रोजगारीको सुनिश्चितता नहुँदा यस नगरपालिकाका युवाहरु रोजगारीका लागि अवसरको खोजिमा रहेका छन् । वैदेशिक रोजगारी लगायत वाह्यि क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था नै हो । औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ । यस जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ ।

### ३.७.३ सोच

"उत्पादन, रोजगारी र आयमा अभिवृद्धि तथा गरिवी न्युनीकरण"

### ३.७.४ उद्देश्य

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु ।
२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्नु ।

### ३.७.५ रणनीति

१. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने ।
२. काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने ।
३. रोजगारदाताका संघसंस्थाहरूको सहकार्यमा नगरमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयार गरी नियमित अद्यावधिक गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | ६४ | २६ | ३५ | ४० | ४५ |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्यदिन | ५५६ | २०३ | ३१५ | ४१५ | ४९७ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४५०० | २९०० | ११६०० | ० | ० | १४०८५ | ४१५ | ० |
| २०८१/८२ | १५२०० | ३०४० | १२१६० | ० | ० | १४७६४ | ४३६ | ० |
| २०८२/८३ | १६१०० | ३२२० | १२८८० | ० | ० | १५६४३ | ४५७ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ४५८०० | न्युन आय भएका बार्षिक ३८० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिका मा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

यस त्रिवेणी नगरपालिकामा ३५८५ घरधुरी मध्ये करीव २० प्रतिशत परिवार ६ महिनाभन्दा कम अवधि मात्र आफनै उत्पादनमा निर्भर छन् । यस बाहेकको अवधिका लागी उनीहरु ज्याला मजदुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीका लागि जानुपर्ने हुन्छ । नगरपालिकामा २५ प्रतिशत भन्दा बढी जनसंख्या गरिवीको रेखा मुनि रहेका छन् भने वेरोजगारी दर ५.१ प्रतिशत रहेको तथ्यांक छ। यस नगरपालिकाका बासिन्दामा गरिबीको अवस्था असाध्यै जोखिमपूर्ण रहेकाले नगरपालिकाको तर्फबाट विशेष नितिगत कार्यक्रमको आवश्यकता छ । समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूह बिचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्धौ योजनाको लक्ष्य, उद्देश्य तथा दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नम्बर १ प्राप्तिका लागि तीनै तहका सरकारहरु क्रियाशिल रहेका छन् ।

### ३.८.२ समस्या तथा चूनौति

यस नगरपालिकामा साना उद्योग तथा व्यवसायहरु न्यूनमात्रामा रहेका छन् तथा औपचारिक रोजगारीका क्षेत्रहरु न्युन रहेका छन् । विपन्न अवस्थामा रहेका बेरोजगार ब्यक्तिहरु सीप तथा दक्षता हासिल गर्न सकेका छैनन् । सीप तथा रोजगारमुलक तालिम प्रदान गर्ने निकायहरु शहर केन्द्रित भएकोले सहज सेवा दिन सकेका छैनन् । गरिबी आर्थिक मात्र नभएर बहुआयामिक सवाल हो । गरिबीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण, राजनीतिक असमानता र दुर्वलतालाई प्रतिविम्वित गरेको छ। त्रिवेणी नगरपालिकाको साक्षरता दर ५६ प्रतिशत तथा जनजातीको वाहुल्यता भएको नगरपालिका सामाजिक समावेशीकरणको दृष्टीकोणले कमजोर मानिएको नगरपाालिकामा स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु जस्त चुनौती रहेका छन् ।

### ३.८.३ सोच

"स्थानीय उत्पादन र रोजगारीमा अभिवृद्धिद्वारा गरिबी न्यूनीकरण र आर्थिक अवस्थामा सुधार"

### ३.८.४ उद्देश्य

१. गरिबी निवारणसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने ।

### ३.८.५ रणनीति

१. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।
२. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने ।
३. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने ।
४. पहिचान भएका गरिब लक्षित गरिबी निवारण योजना, कार्यक्रम तथा परियोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के.जी. | ० | १०९ | १११ | ११३ | ११५ |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ० | ३२ | २९ | २५ | २० |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४४०० | ८८० | ३५२० | ० | ० | ४४०० | ० | ० |
| २०८१/८२ | ४८०० | ९६० | ३८४० | ० | ० | ४८०० | ० | ० |
| २०८२/८३ | ५२०० | १०४० | ४१६० | ० | ० | ५२०० | ० | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वरोजगार प्रवर्द्धन तथा गरिवी निवारण कार्यक्रम | गरिबीको रेखामुनी रहेका घरपरिवारको पहिचान, संरक्षण तथा आर्थिक सशक्तीरण गर्नु | सालवसाली | १४४०० | बार्षिक १०० घरपरिवार संरक्षण र सहयोग प्राप्त गरी गरिबीको रेखाभन्दा माथिको आम्दानी प्राप्त गर्नेछन् |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

विकासको प्रमुख संवाहक मानव संसाधन हो । दक्ष र विवेकशिल मानव संसाधनको पूर्ण विकास भएको समाजमा अन्य क्षेत्रको भन्दा विकास भएको र मानव संसाधन अदक्ष र कमजोर भएको स्थानमा तुलनात्मक रुपमा कम बिकास भएको तथ्यांकहरु छन् । यस त्रिवेणी नगरपालिकामा प्राकृतिक श्रोत र सम्पदाहरू भएपनि चरम गरिबी र विषम राजनैतिक अस्थिरताका बीचमा गुज्रनु परेको यर्थाथ हामी सामुन्य चुनौतिको रुपमा ठडिएको अवस्था छ । प्राकृतिक सम्पदाको हिसाबले सम्पन्न भएपनि कमजोर मानव संसाधनका कारण पछि पर्नु परेको अवस्था वाजुरा जिल्ला तथा त्रिवेणी नगरपालिकाको पनि हो । मानव संसाधन विकासको पहिलो आधारभूत शर्त नै वैज्ञानिक र समय सापेक्ष उचित शिक्षा हो । समय, अवस्था र देशको मागअनुसारको जनशक्ति तयार गर्न सोहीअनुरूपको शिक्षा दिनु आवश्यक छ । द्रुत विकासको आजको युगमा नगरपालिकाले निरक्षरता उन्मूलन लगायत दक्ष, जनशक्ति उत्पादन गर्न समयमै अत्यन्त प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । ५ वटा सरकारी उच्च माध्यमिक बिद्यालय रहेको मा.वि. सम्म संचालित बिद्यालयहरु ५ वटा तथा ६ वटा आधारभूत तह नि.मा.वि. तथा प्राथमिक तह १ देखि ५ सम्मका विद्यालय संस्था ५ वटा तथा १ देखि ३ सम्मका पूर्व आधरभूत बिद्यालय संख्या वटा १३ वटा तथा सरकारी बिद्यालयहरु संचालनमा रहेकोमा नीजि आधारभूत बिद्यालयहरुको संख्या ५ रहेको छ । वालविकास केन्द्रहरु ४२ वटामा ८ वटा समुदायमा स्थापित र वाकि बिद्यालय संग आवद्धता भएका छन् ।

शिक्षा क्षेत्रका समस्यामा शिक्षण सिकाई क्रियाकलापमा कठिनाई, विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दिको अभाव, निजि शिक्षकको न्यून पारिश्रमिक, विद्यार्थीहरुको उमेर र संख्या अनुसार भौतिक संरचनाको कमी, विद्यालयको भौतिक संरचनाको नियमित मर्मत संभार र संरक्षण गर्न गाह्रो हुनु, बालबालिकाको लागि स्कुलको वातावरण वालमैत्री नहुनु, बालमैत्री, महिला मैत्री र अपाङ्गमैत्री विद्यालयको कमी, विद्यार्थी शिक्षक अनुपात न्युन हुनु आदी रहेका छन् । विद्यालयमा खानेपानी तथा शौचालयको समस्या, पुस्ताकालय, विज्ञान प्रयोगशालाको उचित व्यवस्थापन नुहन, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, शिक्षकको लागि पुर्नताजगी तालिमको अभाव, मध्यम तथा निम्न आय भएका र आदिवासि, जनजाति परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामाग्रीको अभाव हुनु शिक्षा क्षेत्रका अन्य समस्या हुन् ।

### ४.१.२ समस्या तथा चूनौति

विद्यालयमा शिक्षकले नियमित पठनपाठनमा ध्यान नदिनु र नियमित उपस्थित पनि नहुनु अभिभावकले निरन्तर अनुगमन र निरिक्षण नहुनु, विद्यालयमा अनुगमनको कमी, शिक्षकको मनोवलमा कमी हुनु, गुणस्तरीय शिक्षा नहुनु, अभिभावकमा दायित्व बोध नहुनु, बालबालिकाको शारिरिक मानसिक विकासका लागि खेलमैदानको अभाब हुनु, सामाजिक विकास अन्तर्गत शिक्षा क्षेत्रको विकासमा भौतिक पूर्वाधारको आधुनिकिकरण हुन नसक्नु ।

विषयगत शिक्षकहरुको व्यवस्थापन दरबन्दी अनुसार, दरवन्दि नभएका ११ वटा बिद्यालयहरु रहका छन् । निजी स्रोतबाट संचालन गरीनु, विद्यालयमा शैक्षिक क्यालेण्डर लागु हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यवसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासि, जनजाति परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभावको हुनु, सुचना प्रविधि सम्बन्धि सामग्रीको अभाव हुनु, सामुदायिक विद्यालयमा अनुगमन तथा निरिक्षण प्रभावकारी नहुनु, विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था नहुनु, शिक्षकको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको अभाव शिक्षा क्षेत्रका समस्या तथा चुनौती हुन । त्यसैगरी दृष्टिविहिन, बौद्धिक अपाङ्गता, श्रवण शक्ति कम भएकाको लागि विद्यालय संचालनमा नआउनु र प्रौड शिक्षा जस्ता कार्यक्रमलाई व्यवस्थित रुपमा कार्य गर्न नसक्नु, सबै जसो विद्यालयमा प्रयोगशालाको उचित व्यवस्थापन नहुनु, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, अभिभावकहरु आफ्नो बाल बच्चाको पढाईमा चनाखो नहुनु, यस नगरक्षेत्रको शिक्षाको थप समस्या हुन्

### ४.१.३ सोच

"गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध त्रिवेणीको आधार ।"

### ४.१.४ उद्देश्य

१. शिक्षण सँस्थाहरुलाई उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न क्षमता वृद्धिको लागि भौतिक एवम् अन्य पूर्वाधारको विकास गरिने छ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु,

३. मध्यस्तरको मानव संशाधन विकास गर्नु ।

### ४.१.५ रणनीति

१. गुणस्तरिय तथा व्यवसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने,
२. विद्यालयलाई प्रविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने,
३. उच्च शिक्षामा नगरबासीहरुको पहुँचमा बृद्धि गर्ने,
४.स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने,
५. विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने कृयाकलाप नियमित गर्ने,
६. नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने,

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ९० | ९० | ९५ | ९५ | ९५ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ८८ | ९० | ९० | ९५ | ९५ |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | १० | १० | १५ | १८ | २० |

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ८० | ८० | ९० | ९५ | ९५ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ४ | ४ | ६ | ८ | १० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ८० | ८० | ९० | ९० | ९० |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४१२१५ | ८२४३ | ३२९७२ | ० | १९२८३ | १८६१३ | ३३१८ | ० |
| २०८१/८२ | ४२०५० | ८४१० | ३३६४० | ० | २२३४२ | १६२२४ | ३४८४ | ० |
| २०८२/८३ | ४४५७० | ८९१४ | ३५६५६ | ० | २५७६६ | १५१४५ | ३६५९ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण कार्यकम | १५ वटा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण गर्ने | सालबसाली | १३२०० | १५ वटा विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ । |
| २ | सामुदायिक विद्यालयहरुको भौतिक मर्मत सुधार अनुदान कार्यक्रम | भौतिक सुधार | सालबसाली | ३३१०० | १५ वटा विद्यालयको भौतिक पूर्वाधारमा सुधार आई शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ । |
| ३ | शिक्षा सम्बन्धी अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ८१५३५ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १० प्रतिशतले वृद्धि हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

सङ्घीय शिक्षा ऐन तथा नियमावली समयानुकूल परिमार्जन भई जारी भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक शिक्षक जनशक्तिको व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिम हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । हाल त्रिवेणी नगरपालिकामा हाल ३ वटा स्वास्थ्य चौकि, ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा शहरी स्वास्थ्य सेवा केन्द्र र ११ वटा सुरक्षित सुत्केरी केन्द्र रहेका छन् । यी संस्थाहरूबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियानअन्तर्गत यस नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवामा सहजता महसुस गर्ने गरि संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ । त्यस्तैगरी दिगो विकास लक्ष्य नं.२ ले उन्नत पोषणको सुनिश्चित गर्ने र लक्ष्य नं.३ अर्न्तगत सबै उमेर समूहका व्यक्तिहरुको लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने कुरा तोकिएको छ ।

### ४.२.२.समस्या तथा चुनौती

उपयुक्त हेरचाह र स्वास्थ्य सम्बन्धी चेतनाको कमीको कारण मातृमृत्यु, शिशुमृत्यु र बाल मृत्यु हुने अवस्था रहनु र विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, स्वास्थ्य सम्वन्धि पूर्वाधारको अभाव, प्राविधिक जनशक्ति पर्याप्त नहुनु, आवश्यकता अनुरुप सवै वडामा स्वास्थ्य उपकरणको अभाव, दक्ष स्वास्थ्य कर्मीको अभाव, शारीरिक व्यायाम तथा योग केन्द्रको अभाव, स्वस्थ जिवन यापनका उपायहरुको कार्यान्वयनका लागि नगरपालिकाले काम गर्न नसक्नु, आपतकालीन उपचार सेवा र शल्यक्रिया सेवा आदिको अभाव, मुल सडक देखी स्वास्थ्य केन्द्र सम्म जाने सडक निर्माण नहुनु, एक वडा एक एम्बुलेन्स जस्ता अपरिहार्य साधनलाई व्यवस्था गर्न नसक्नु र सामान्य विरामी र सुत्केरी पर्दा एम्बुलेन्सको अभावले अकालमै ज्यान जानु यँहाको स्वास्थ्य सम्बन्धि प्रमुख समस्या रहेको छ भने पानीजन्य रोग लाग्ने, कुपोषण हुने, जस्ता समस्याहरु यस नगरपालिकामा विद्यमान रुपमा रहेका छन् । स्वास्थ्य चौकीमा विशेषज्ञ डाक्टर, कर्मचारी, औषधी र उपकरण आदिको उपलब्धता सुनिश्चित गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, समुदायलाई र गैह्न सरकारी क्षेत्रको समन्वय र सहकार्य अभिवृद्धी गर्ने, स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आर्युर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीलाई विकसित गर्ने जस्ता अवसरहरु रहेका छन् ।

### ४.२.३ सोच

" गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ्य र निरोगी नगरपालिका वासी "

### ४.२.४ उद्देश्य

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु ।

२. स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाई गुणस्तरीय सुविधायुक्त स्वास्थ्य सँस्थाहरुको निर्माण गर्ने ।

३. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्दै समानताका आधारमा सबै बर्ग, लिंग, जातजाति, भूगोलमा रहेका नागरिकहरुको पहुँच बृद्धी गरि निष्पक्ष रुपमा स्वास्थ्य सेवा प्राप्त गर्ने ।

### ४.२.५ रणनीति

*उद्देश्य १ सँग सम्बन्धित*

१. स्वस्थ नागरिक उत्पादनमा जोड दिईने,

२. स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि प्रविधि मैत्री स्वास्थ्य सुविधाको विकास गर्ने,

३. "पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका" निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने,

४. स्थानीय वैद्य तथा झाँक्रीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिम दिने

५. धुम्रपान र मद्यपान नियन्त्रणका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने

६. प्रबर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई समानान्तर हिसाबले अगाडि बढाउने

७. खोप भण्डारणको लागि Ice- Lined Refrigerator को व्यवस्था गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथ पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| दक्ष प्रसुतीकर्मीको सहयोगमा अनुपात | प्रतिशत | ६२ | ७० | ७५ | ८५ | ९० |
| नवजात मृत्यु संख्या | जना | १ | ० | ० | ० | |
| क्षयरोग लाग्ने दर (प्रति लाख) | जना | ८९ | ९० | १०१ | ९९ | ९७ |
| क्षयरोग उपचार सफलता दर (प्रति लाख) | जना | ८१.३ | ८१.३ | ८५ | ८६ | ८७ |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्युदर ( एक लाख जनसंख्यामा) | जना | २४ | २३ | २१ | २० | १८ |
| प्रजनन उमेर (१५-४९ वर्ष) का परिवार नियोजनका साधन प्रयोग गर्ने महिला | प्रतिशत | ३२.५ | ३२.५ | ३५.५ | ३७ | ४० |
| प्रोटोकल अनुसार चार पटक पर्भवती जाँच गराउने गर्भवती महिला | प्रतिशत | ७६ | ७६ | ७८ | ७९ | ८० |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशु | प्रतिशत | ८० | ८० | ८२ | ८५ | ८९ |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | संख्या | ११५० | ११५० | १५०० | १७०० | १८०० |
| स्वास्थ्य विमामा आवद्ध परिवार | संख्या | ६४३ | ७५० | ८६५ | ९१० | १२०० |
| वार्षिक सेवा प्राप्त गर्ने बिपन्न नागरिक | संख्या | ५७ | ६५ | १०० | १५० | २०० |
| ५ वर्ष मुनिका वालवालिकाको मृत्यु (प्रति हजारमा) | संख्या | ४ | ४ | ४ | ३ | ३ |
| राष्ट्रिय कार्यक्रममा समावेश सबै खोप प्राप्त गर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ |
| जन्मिने बितिकै नाभि मलम लगाएका शिशु | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ९ | ८ | ८ | ९ | १० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३४०५० | ६८१० | २७२४० | ० | १९२८३ | ९७८९ | ४९७८ | ० |
| २०८१/८२ | ५७०८० | ११४१६ | ४५६६४ | ० | २२३४२ | २९५११ | ५२२७ | ० |
| २०८२/८३ | ८५०४० | १७००८ | ६८०३२ | ० | २५७६६ | ५३७८६ | ५४८८ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) आ.व. | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खोप क्लिनिक व्यवस्थापन, वडा नं १ देखि वडा नं ९ | खोप क्लिनीकलाई व्यवस्थित गरी सर्वसुलभ बनाउनु | २०८०/८१ देखि २०८२/८३ | १२५०० | १५००० जनसंख्या भन्दा बढी प्रत्यक्ष रुपमा लाभाम्वित हुनेछन् । |
| २ | स्वास्थ्य चौकिमा मेडिकल अधिकृत र ल्याव व्यवस्थापन | गुणस्तरीय स्वास्थ्य सेवामा वृद्धि गर्नु | २०८०/८१ देखि २०८२/८३ | ७००० | ८००० जनसंख्या भन्दा बढी प्रत्यक्ष रुपमा लाभाम्बित हुनेछन् । |
| ३ | आधारभूत स्वास्थ्य अन्य सालबसाली कार्यक्रम | त्रिवेणी नगरपालिका नागरिकको आधारभुत स्वास्थ्यमा सुधार ल्याउने | सालवसाली | १५६६७० | २२००० जनसंख्या भन्दा बढी प्रत्यक्ष रुपमा लाभाम्वित हुनेछन् । साथै १५ सैयाको अस्पतालको पनि बजेट समावेश गरिएको छ । |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुनेछ । यस किसिमको समन्वय र सहकार्य तथा बजेटको व्यवस्था नभएमा आधारभुत स्वस्थ्य सेवमा स्थानीय बासिको पहुच सुनिश्चित गर्न कठीनाइ हुने देखिन्छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । हाल त्रिवेणी नगरपालिकामा २७ प्रतिशत घरपरिवारले सुरक्षित तरिकाले व्यबस्थापन गरिएको खानेपानी प्राप्त गरेको,९६.४१ प्रतिशत घरपरिवारले आधारभुत खानेपानी सेवा प्राप्त गरेको र १.३८ प्रतिशत घरपरिवारले सीमित खानेपानी सेवा प्राप्त गरेको देखिन्छ सेवा नभएको घरपरिवार ०.३२ प्रतिशत रहेको छ । त्यस्तै वडागत रुपमा वडा न. ३ वाहेकका सवै घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेका छन् । स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरू भएको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.३.२ समस्या तथा चूनौति

पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, पानीको पाईपहरुको उचित व्यवस्थापन हुन नसक्नु, डम्पिङ साईटको अभाव, प्रशस्त जलश्रोतको उपयोग गरी पाइप प्रणालीबाट खानेपानी सेवा उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको, फोहोर व्यवस्थापन कमजोर, ढल निकासको समस्या, चौबिसै घन्टा पानीको उपयोगका लागि ट्याँकीको व्यवस्था नहुनु, फोहोर जलाइने हुदाँ वातावरण प्रदुषण हुन खानेपानी तथा सरसफाईका समस्या हुन । दिगो विकास लक्ष्य नम्बर ६ ले सबैका लागि सरसफाई तथा खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरेको छ तर खानेपानीको अवस्थालाई हेर्दा पानीको शुद्धिकरण र रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न सकिएको छैन । गुणस्तरीयता खानेपानी निरन्तर आपूर्ति गर्न नसक्नु यस उपक्षेत्रका चुनौतिहरु हुन् ।

### ४.३.३ सोच

“सफा, सुरक्षित खानेपानी र स्वच्छ , सफा वातावरण, त्रिवेणीको पहिचान”

### ४.३.४ उद्देश्य

१. शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शत प्रतिशत बनाई , स्वस्थता सुनिश्चित गर्ने ।

२. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी समुदायमा जनचेतना फैलाउने ।

### ४.३.५ रणनीति

१. फोहोरमैलाको बैज्ञानिक तथा व्यवसायिक व्यवस्थापनमा जोड दिने, पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिने,

२.स्थानीय जनसहभागितामा गाउँपालिकामा उपलब्ध सम्पूर्ण पानीका मुहानहरू संरक्षण गर्न सामुदायिक स्तरमा संयन्त्रण निर्माण गर्ने

३. खानेपानीका श्रोतहरूको संरक्षण गर्न हरित क्षेत्र संरक्षण तथा विस्तार गर्न समुदाय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९७ | ९८ | ९८ | ९८ | ९८ |
| शौचालय भएका परिवार | प्रतिशत | ९५ | ९५ | ९५ | ९८ | ९९ |
| सुचारु खानेपानी आयोजना | संख्या | १५ | १५ | १६ | १६ | १७ |
| निर्माणाधिन खानेपानी आयोजना | संख्या | ८ | ८ | ९ | ९ | १० |
| एक घर एक धारा भएका घरपरिवार | संख्या | ९९० | ९९० | १५०० | २००० | ३००० |
| सुरक्षित खानेपानी घरपरिवार | संख्या | ९९० | ९९० | १५०० | २००० | ३००० |
| सार्वजनिक शौचालय | संख्या | - | - | १ | १ | ३ |
| शौचालय भएका परिवार | संख्या | ३५६० | ३५६० | ३५६० | ३५६० | ३५६० |
| शौचालय नभएका परिवार | संख्या | २० | ० | ० | ० | ० |
| नगरपालिकाबाट नियमित फोहर संकलन हुने घरपरिवार | संख्या | - | - | ५० | १०० | २०० |
| खानेपानी सुद्धता परीक्षण भएका आयोजना | संख्या | २ | २ | ३ | ४ | ५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १३२०० | २६४० | १०५६० | ० | ६४२८ | ६७७२ | ० | ० |
| २०८१/८२ | १४२०० | २८४० | ११३६० | ० | ७४४७ | ६७५३ | ० | ० |
| २०८२/८३ | १०५०० | २१०० | ८४०० | ० | ८५८९ | १९११ | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको बृहत खानेपानी आयोजना | त्रिवेणी नगरपालिकामा स्वचछ तथा शुद्ध खानेपानी उपलब्ध गराउने | २०८०/८१ देखि २०८२/८३ | २५००० | ३२० घरधुरीले खानेपानी प्राप्त गर्नेछन् । |
| २ | खानेपानी तथा सरसफाई अन्य सालबसाली कार्यक्रम | खानेपानी सुविधा उपलब्ध गराउनु | सालवसाली | १२९०० | १२०० घरपरिवारमा धारा जडान हुनेछ । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा नकारात्मक प्रभाव, आयोजना निर्माणमा ढिलासुस्ती र उचित व्यवस्थापन, व्यवस्थित बसोबास, तरल तथा

फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को भाग ३ अर्न्तगत मौलिक हकको व्यवस्था गरी समानता, जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकका लागि राज्यले विशेष व्यवस्था गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ । त्यसैगरी संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्तहरु अर्न्तगत सामाजिक न्याय र समावेशिकरण सम्बन्धि नीतिले असहाय अवस्थामा रहेका नागरिक, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलाको पुनर्स्थापना, संरक्षण गर्ने कुरालाई जोड दिएको पाईन्छ ।

सामाजिक जागरणको पर्याप्तमा नभएको, राजनैतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस नगरपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ ।
यस नगरपालिकामा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत २०७८/०७९ सम्म सेवा लिने जेष्ठ नागरिकको संख्या १२४०, एकल महिलाको संख्या २५२, पूर्ण अपाङ्गको संख्या ३२ र आशिंक अपाङ्गको संख्या ७१ रहेको छ । नगरपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन । तसर्थ समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्नपाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।

### ४.४.२ समस्या तथा चूनौति

पिछडिएका तथा सिमान्तकृत समुदायको कमजोर आर्थिक अवस्था, शिक्षा, स्वास्थ्यसंग सम्बन्धित जनचेतनाको कमी, जातिय भेदभावको समस्या, अपाङ्गमैत्री महिलामैत्री संरचनाको अपर्याप्तता, नीति निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी रहेको छ । दलितहरु माथि हुने सामाजिक व्यवहार असमान छन् । बजारमुखी उत्पादन नहुनु, सीपमा आधुनिकीकरण नहुनुले बिस्तारै उनीहरुको परम्परागत पेशा समेत संकटमा पर्दै गएको छ । अशिक्षा, चेतनाको कमी, गरिवी जस्ता सामाजिक समस्या दलित समुदायमा अझै बढी छ । जनजातिहरुको सामाजिक आर्थिक तथा राजनीतिक अवस्था दलितहरुको भन्दा माथि भए पनि नेतृत्व तहमा आउन सकेको छैन

### ४.४.३ सोच

" भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको आवाज"

### ४.४.४ उद्देश्य

१. लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्ग तथा विपन्नमैत्री बनाउने

२. जातीय भेदभाव मुक्त समाजको निर्माण गर्ने ।

३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहिकरण गर्ने ।

### ४.४.५ रणनीति

१. लक्षित समुहलाई सामाजिक सुरक्षा र पहिचानको प्रत्याभूति गराउने ।

२. जातिय पहिचानमा आधारित विकास मैत्री संस्कार र संस्कृतिलाई नगरपालिकाको विकास नीतिको रुपमा अवलम्बन गर्ने,

३. नगरपालिकालाई जेष्ठ नागरिक, अपांग तथा वालमैत्री नगरपालिकाको रुपमा विकास गर्ने, लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चाालन गरिने ।

४. महिला, अपांगता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ३४ | ४५ | ४५ | ४३ | ४० |
| नगरभित्र रहेका सडक बालबालिका | संख्या | २३ | २३ | २० | २० | २० |
| नगरभित्र सञ्चालनमा रहेका बालगृह | संख्या | १ | १ | १ | १ | २ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | जना | १९ | १९ | १८ | १७ | १५ |
| घरेलु हिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिला | जना | २७ | २७ | २६ | २३ | २० |
| वालविवाह भएका १८ वर्ष मुनिका वालवालिका | जना | ३ | ३ | २ | २ | २ |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिका | संख्या | २ | ३ | ० | ० | ० |
| नगरसभामा महिला सहभागिता | प्रतिशत | ४२ | ४३ | ४५ | ४५ | ४५ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ४२ | ४३ | ४५ | ४५ | ४५ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १३ | १८ | २० | २५ | २२ |
| नगर स्तरीय संघ/संघमा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | ३५ | ४५ | ५० | ५० | ६० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३५५० | ७१० | २८४० | ० | २१४ | १६७७ | १६५९ | ० |
| २०८१/८२ | ४०५० | ८१० | ३२४० | ० | ७२४ | १५८४ | १७४२ | ० |
| २०८२/८३ | ५०५० | १०१० | ४०४० | ० | २९४ | २९२६ | १८२९ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला विकास कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुऱ्याउनु | सालवसाली | ८४५० | वार्षिक ६०० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका ८ ओटा महिला विकास सहकारी संस्थाको संस्थागत विकास हुनेछ। |
| २ | सामाजिक संरक्षण तथा समावेशीकरण | सामाजिक संरक्षण र सामावेशीकरण सेवा सुचारु गर्नु | सालवसाली | ४२०० | सामाजिक सेवा तथा सुविधामा बढोत्तरी हुनेछ। |

#### ४.४.९ जोखिम पक्ष तथा अनुमान

पर्याप्त बजेटको व्यवस्था, जनचेतनामुलक कार्यक्रमको संचालन र महिला सहभागिताका लागि उनिहरुलाई सशक्तिकरण जस्ता कार्यक्रम संचालन हुनेछन । यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कुल युवा जनसंख्या ४०.३ प्रतिशत रहेको छ । काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो ।

त्रिवेणी नगरपालिकाको अधिकांश युवाहरुको मुख्य आकर्षण वैदेशिक रोजगार रहेको छ भने कृषि तथा उद्योग तथा व्यापारीक क्षेत्रमा पनि आवद्ध छन । त्यसैगरी सरकारी रोजगारीमा पनि युवाको आकर्षण देखिन्छ । औषतमा करीव २७ प्रतिशत युवा स्थानीय स्तरमा रोजगार छन भने करीव ४७ प्रतिशत युवा

रोजगारीका क्रममा विभिन्न मुलुक पुगेका छन । खेलकुद तर्फ हाल यस नगरपालिकामा ३ वटा खेलकुद मैदान सहितका न्युनतम पूर्वाधारहरु रहेका छन्, विशेष गरी युवाहरुमा फुटवल, भलिवल, क्रिकेट प्रति आकर्षण रहेको देखिन्छ । यस नगरपालिकामा राष्ट्रिय स्तर तथा अन्तराष्ट्रिय स्तर खेलाडी रहेका छैनन्

### ४.५.२ समस्या तथा चूनौति

युवा विकासका लागि संस्थागत, नितीगत व्यवस्था, नेतृत्व तथा समन्वयातमक सिपको विकास, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता युवा संग सम्बन्धित कुनै पनि किसिमका कार्यक्रमहरु हाल सम्म नगरिनु र यसको साथै अनुशासित युवा र खेलकुद विकासका लागि आवश्यक भौतिक पूर्वाधार जस्तै कवर्ड हल, खेलकुद मैदान आदिको उचित व्यवस्थापन नहुनु, मानविय पूर्वाधार र खेलकुद विकास कोषको समेत व्यवस्था नहुनुले गर्दा नगरक्षेत्र भित्र रहेका विभिन्न खेलका खेलाडीहरुलाई उचित स्वरोजगार गर्न नसकिएको यँहाको युवा तथा खेलकुद संग सम्बन्धित मुल समस्या हुन् भने यसलाई संगठित रुपमा विकास गरी युवा रोजगारीको लागि परिचालन गर्न चुनौती रहेको छ ।

स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु, उपलब्ध रोजगारीका अवसरहरुमा युवा आकर्षण वढाउनु, युवा वर्गलाई कुलतबाट जोगाउनु, खेलकुदका लागि न्युनतम पुर्वाधारको व्यवस्था गर्नु, खेलाडीको मनोवल उच्च वनाउनु, पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नती गर्ने कार्य चुनौतीपूण रहनु यस युवा तथा खेलकुद क्षेत्रका चुनौती हुन ।

४.५.३ सोच

" र्सजनशील युवा जनशक्तिको विकास तथा खेलकुद पूर्वाधार, दक्ष युवा मानव संसाधन निर्माणको आधार "

### ४.५.४ उद्देश्य

१. शिप, दक्षता र क्षमताको विकास गरी युवा जनशक्ति परिचालन गर्ने र खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्ने ।

### ४.५.५ रणनीति

१. खेलकुद पर्यटन क्षेत्रको रुपमा विकास गर्ने,

२. दक्ष युवाहरूलाई शैक्षिक प्रमाणपत्र वा सीपका आधारमा बिना धितो कम ब्याजदरमा ऋण दिई स्वरोजगार बनाउने,

३. विशेष शारिरिक अवस्थाका युवाहरूको शिक्षाको लागि विशेष छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने,

४. नैतिकवान, इमान्दार र कर्तव्यनिष्ठ यूवा समुदायको निर्माण गर्न नगरपालिका स्तरीय नियमित Motivational Workshop आयोजना गर्ने,

६. प्रतिभाबान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | १८ | २० | २३ | २५ | ३५ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | १३० | १५० | १७० | १९० | २१० |
| सक्रिय युवा परिषद तथा युवा सञ्जाल | संख्या | २४ | २८ | ३२ | ३५ | ४५ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | २ | ३ | ३ | ३ | ३ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २०० | २५० | २७० | ३०० | ३५० |
| बार्षिक आयोजना हुने खेलकुद प्रतियोगिता | पटक | २ | २ | २ | २ | २ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०५० | ४१० | १६४० | ० | १४ | २०१८ | १८ | ० |
| २०८१/८२ | २३५० | ४७० | १८८० | ० | २४ | २२४२ | ८४ | ० |
| २०८२/८३ | ३०५० | ६१० | २४४० | ० | ९४ | २८९७ | ५९ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ७४५० | ३०० युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, पुल तथा यातायात,सडक, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

आगामी १५ वर्षमा त्रिवेणी नगरपालिकाको जनसंख्यामा उल्लेख वृद्धि हुने देखिँदैन । आवास योजना निर्माण गर्दा हालको जनसङ्ख्यामा हुने नगण्य वृद्धिलाई ख्याल गरी सो जनसंख्यालाई पर्याप्त हुने आवासको जोहो गर्नुपर्ने देखिन्छ । नगरपालिकाको अधिकांश घरहरु अर्धपक्की, कच्ची तथा विपन्न अवस्थामा रहेका छन् । तसर्थ यी घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

त्रिवेणी नगरपालिकाको आवास तथा वस्ती विकासको अवस्था व्यवस्थित छैन । यहाँ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना जम्मा ४ वटा निर्माण भएका छन् ।

### ५.१.२ समस्या तथा चूनौति

व्यवस्थित बस्ति निर्माणमा वडा बासीहरुको सोचाईमा एकरुपता नहुनु, प्राविधिक तथा दक्ष जनशक्तिको अभाव हुनु । भवन आचारसंहिताको पालना हुन नसक्नु, जमिनको अनियन्त्रित खण्डीकरण हुनु, अव्यवस्थित वस्ती विकास हुनु आवास तथा वस्ती विकासका प्रमुख समस्या हुन् । त्यस्तै नगरपालिकाको वडा न. १ मा रहेको विशाल बजारका १७० घरधुरी, वडा न. २ को सिम्ला, सिन्नेकोटको २७२ घरधुरी, वडा न. ४ को पिपलसैन राउतेलाको १५७ घरधुरी र वडा न. ५ किम्नीको २१७ घरधुरी पहिरोको उच्च जोखिममा रहेका छन् र यसलाई व्यवस्थित बस्ति वनाउन समस्या रहेको छ ।

शहरी विकासको मापदण्ड तयार गरी त्यसै अनुरुप आवासिय तथा व्यवसायिक क्षेत्रको मार्गचित्र कोर्नु, अव्यवस्थित वसोवास र अतिक्रमणलाई रोक्नु, वढ्दो शहरीकरणलाई व्यवस्थित वनाउनु विच तादाम्यता कायम गर्नु चुनौतीहरु हुन ।

### ५.१.३ सोच

“वातावरण मैत्री शहर, त्रिवेणी बासीलाई पूर्ण सुरक्षित आवासको रहर”

### ५.१.४ उद्देश्य

१. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई समावेशीतामैत्री, वातावरण अनुकुल तथा सुरक्षित वनाउने ।
२. योजना वद्ध आवास कार्यक्रमलाई मुर्तरुप दिने ।

३. संविधानको मौलिक हक अन्तर्गत रहेको सुरक्षित आवासको हक सम्पूर्ण जनतालाई सुनिश्चित गर्न नगरपालिकाले स्थानीय श्रोत र साधनमा आधारित आवास योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### ५.१.५ रणनीति

१. एकिकृत वस्ती विकासको प्रारुप तयार पार्ने,
२. सार्वजनिक जग्गाको उत्पादनशील प्रयोग गर्ने,
३. उत्पादन मुलक र आयमुलक सूक्ष्म योजनाहरु सञ्चालनका शिलशिला नगर स्थित कार्यालयहरु, दातृनिकाय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग समन्वय गरी अपेक्षित उपलब्धि हासिल गर्न जोड दिइने,
४. शहरी क्षेत्रको आवासिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक वनाउने
५. वडा कार्यालय भवन नभएका प्रत्येक वडाका लागि भवनको आवश्यक डि.पि.आर. तयार गरी भवन निर्माण सम्पन्न गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | -- | - | १० | २० | ५० |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | संख्या | १०० | १०० | १०० | ९० | ८० |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | परिवार | २० | २० | ५० | ३०० | ५०० |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | १० | १० | १२ | १५ | २० |
| घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | १११५ | १११५ | १११५ | १११५ | १११५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५०५० | ४५०५ | ४०५४५ | ० | १२८५५ | २७२१७ | ४९७८ | ० |
| २०८१/८२ | ५९०५० | ५९०५ | ५३१४५ | ० | १४८९५ | ३८९२९ | ५२२७ | ० |
| २०८२/८३ | ७८९८२ | ७८९८ | ७१०८४ | ० | १७१७७ | ५६३१७ | ५४८८ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासनिक भवन निर्माण | वडा नं ४ प्रशासनिक भवन निर्माण गर्ने | २०७८/७९ देखी २०८२/८३ सम्म | ८०००० | २२००० जना प्रत्यक्ष रुपमा लाभाम्बित हुनेछन् । |
| २ | वडा नं ८ वडा कार्यालय | वडा नं ८ मा वडा कार्यालय निर्माण गर्ने | २०८०/८१ देखी २०८२/८३ सम्म | ४२५० | १२००० जना प्रत्यक्ष रुपमा लाभाम्बित हुनेछन् । |
| ३ | आपतकालिन प्रतिकार्य संचालन केन्द्रको स्थापना | वडा नं ४ मा स्थापना गर्ने | २०८०/८१ देखी २०८२/८३ सम्म | ७०५० | २२००० जना प्रत्यक्ष रुपमा लाभाम्बित हुनेछन् । |
| ४ | आवास, भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम | आवास, भवन, बस्ती विकास, सार्वजनिक शौचालय, शवदाह स्थल, चौतारा र मठमन्दिरको निर्माण, मर्मत र जिर्णोद्धार गर्नु | सालबसाली | १३६७१४ | त्रिवेणी नगरपालिका अर्न्तगतका अन्य सार्वजनिक पूर्वाधारहरु तथा कार्यालय भवनहरु निर्माण भएको हुनेछ । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

मालसामान तथा सेवा प्राप्तिको लागि मानिसहरुको आवत् जावतबाट बजार केन्द्रहरु कुनै पनि क्षेत्रमा विकसित हुन्छन् । बजार केन्द्रहरुले आफ्ना वरिपरिका जनसंख्यालाई सेवा सुविधा प्रदान गर्दछन् । मानिसहरु मालसामान, सेवा तथा रोजगारीको लागि बजार केन्द्र सम्म आउने गर्दछन् । तसर्थ ग्रामीण तथा शहरी सम्बन्धको प्रगाढता भनेको त्यँहा हुने सहज यातायातको पहुँच र सामानको किनबेचले त्यस्तो किसिमको प्रगाढ सम्बन्धको संकेत गर्दछ । यस्तो आवत्जावत्को किसिम र मात्राले ग्रामीण शहरी अन्तरसम्बन्ध तथा बजार केन्द्रहरुको यसको पृष्ठ प्रदेश सँग सँगै जिल्ला सदरमुकाम मार्तडी सँग तुलनात्मक सम्बन्धलाई देखाउंछ । अन्तरसम्बन्ध आर्थिक, सामाजिक, प्राविधिक, प्राकृतिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक, मानव संसाधन आदिका आधारमा हुने गर्दछ । वस्तु तथा सेवाको प्रवाह प्रणालीलाई विभिन्न कारक तत्वहरु जस्तै : जनसंख्या परिमाण, वितरण र परिवर्तन, सडक प्रणाली, सञ्चार, बजारको कार्य स्वरुप, संसाधनको प्रयोग र उत्पादन आदि तत्वहरुले असर गरिरहेका हुन्छन् ।

यस नगरक्षेत्रमा सडकको पहुँच ज्यादै कम मात्रामा भएको र हालसम्म पिच सडक नरहेको र कच्ची सडक ६६ कि.मि मात्र रहेको हुँदा यातायातको सहज पहुँच र सुविधा नहुनुको साथै भएका कच्ची

सडकमा पनि सडकको दाँया बाँया ढलको राम्रो व्यवस्था नहुनु यस नगरक्षेत्रको पूर्वाधार पट्टिको विशेष समस्या रहेका छन् ।

## ५.२.२ समस्या तथा चूनौति

पूर्वाधारको विकास भएपनि नगरपालिकाले बदलिदो परिस्थिती तथा बजारको माग अनुसार पुर्वाधार विकासमा ध्यान पुऱ्याएको देखिदैन । सडक निर्माणमा स्थानीय जनताको साथ नमिल्नु, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक विस्तारमा मुआव्जा सम्वन्धि समस्या हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, भएको सडकमा पनि पुलहरु नबन्नु जसले गर्दा यातायात नियमित हुन सकिरहेको छैन ।

उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिवृद्धि नहुनु, वैज्ञानिक र व्यवहारिक योजनाहरु छनौट हुन नसक्नु, नगर भित्र पनि केही सुगम ठाउँहरुमा मात्र सेवा प्रवाह केन्द्रित हुनु, योजनाहरुको दीगोपनामा पर्याप्त ध्यान नपुग्नु जस्ता समस्याहरु पूर्वाधार विकास संग जोडिएका थप समस्या हुन् ।

## ५.२.३ सोच

" गुणस्तरीय पक्की पुल तथा सडक पूर्वाधार, त्रिवेणीवासीको दिगो विकासको आधार"

## ५.२.४ उद्देश्य

**१.** सडक तथा पुल लगायतका पुर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय बनाउने,

२. स्थानीय सडक निर्माण गर्दा वातावरणीय सन्तुलनमा ध्यान दिने,

३. स्थानीय सडक निर्माण गर्दा निश्चित प्रतिशत सडकहरू निर्माणमा बायो इन्जिनियरिङ प्रविधि अवलम्बन गर्ने,

४. नगरपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई भरपर्दो र सुविधा सम्पन्न बनाउन आवश्यकता अनुसार नयाँ रुट निर्माण, निजी क्षेत्रसँग साझेदारी साथै आवश्यक परे नगरपालिकाले समेत लगानी गर्ने,

५. नगरका ग्रामिण वस्तीहरुलाई जोड्ने गोरेटो/घोरेटो बाटो र झो.पूलहरुको निर्माण गर्ने ।

## ५.२.५ रणनीति

१. गुणस्तरीय तथा हरित सडक विकासका लागि नीतिगत व्यवस्था गर्ने,

२. ऐतिहासिक, प्राकृतिक, जातिय तथा सांस्कृतिक पहिचान युक्त पूर्वाधार निर्माणको नीतिगत व्यवस्था गर्ने,

३. नगर यातायातको सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने,

४. मुख्य सडकहरूमा सडक संकेत र माइलस्टोनहरूको व्यवस्था गर्ने,

५. रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तै मिनीबस, जीप आदि) अनुसारका रुटहरू तय गर्न यातायात व्यवसायीहरू तथा निजी क्षेत्रसँग अन्तर्क्रिया गर्ने ।

## ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ४० | ४० | ४० | ४५ | ५० |
| कंक्रिट सडक | कि.मि. | ० | ३ | ३ | ३ | ३ |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | २ | ५ | ७ |
| ग्राभेल सडक | कि.मि. | ५ | ७ | ९ | १४ | २० |
| मिश्रित सडक | कि.मि. | ६ | ७ | ८ | १० | १२ |
| धुले सडक | कि.मि. | ८२ | ८३ | ८५ | ९० | ९५ |
| कल्भर्ट निर्माण | संख्या | - | - | १ | २ | २ |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९६०५० | ४८०३ | ९१२४८ | ० | ९०८८२ | ४८०२५ | ९०८८२ | ० |
| २०८१/८२ | १०५०७० | ५२५४ | ९९८१७ | ० | ९९६५ | ७५१३९ | १९९६५ | ० |
| २०८२/८३ | १२५०८० | ६२५४ | ११८८२६ | ० | ९९६२ | १०३७४५ | ११३७३ | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जिरोपोइन्ट देखी मौरे तोली, छतारा वडा नं.१ को कार्यालय सम्म सडक स्तरोन्नती गर्ने | यातायात सुविधा व्यवस्थित र सहज बनाउन | २०८०/८१ देखि २०८२/८३ | ३५००० | वडा नं.१ को कार्यालय सम्म सडक स्तरोन्नती भई ३००० जना प्रत्यक्ष रुपमा लाभाम्बित हुनेछन् |
| २ | चाल्नेगडामा नगर स्तरीय बसपार्क बनाउन वडा नं. २ | यातायात सुविधा व्यवस्थित र सहज बनाउन | २०८०/८१ देखि २०८२/८३ | २०००० | गडामा नगर स्तरीय बसपार्क बनाउन वडा नं. २ |
| ३ | आधुनिक डम्पिङ साइटको स्थापना गर्ने वडा नं. ३ | अत्याधुनिक डम्पिङ साइटको स्थापना गर्ने | २०८०/८१ देखि २०८२/८३ | ३०००० | डम्पिङ साइटको स्थापना गर्ने वडा नं. ३ भई ५००० जना लाभाम्बित हुनेछन् |
| ४ | वाम्का देखी त्रिवेणी न.पा को कार्यालय हुदै किम्नी जोडीने सडकको योजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउन | २०८०/८१ देखि २०८२/८३ | ५०००० | ४ कि.मि. सडक स्तरोन्नति हुनेछ। |

| क्र. सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | वडा नं. ५ किम्नीको कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्ने | कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्ने | २०८०/८१ देखि २०८२/८३ | १५०५० | नमुना वस्ति निर्माण कार्य भएको हुनेछ। |
| ६ | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | १७६१५० | ६५ कि.मि. सडक तथा १५ वटा पुल/कल्भर्ट निर्माण हुनेछन्। |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन्।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि नगरको आधुनिकीकरण, पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ। यसमा ऊर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै-बायो ग्यास, सौर्य ऊर्जा, लघु जल विद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन्। नगरमा विद्युत्/ऊर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवर्द्धनका साथै दैनिक जनजीवनलाई सहज बनाउन सहयोग पुग्दछ। ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रतिस्थापन गर्न समेत मद्दत पुग्ने हुन्छ। व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाईन जडान हुनसकेको छैन र राष्ट्रिय प्रशारणमा समेत यो नगरपालिका जोडिन बाकि रहेको छ। तसर्थ नगरपालिकामा विद्युत् प्रसारण लाईनलाई राष्ट्रिय प्रशारणमा जोडि नया पोल सहितका नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ। विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ। अतः यस नगरपालिकामा अल्पकालिन रुपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ।

### ५.३.२ समस्या तथा चूनौति

यस नगरपालिकामा विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण नजोडिएतापनि स्थानीय खोलाबाट ६० बाटको प्रशारण गरिएको, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै नआएको, सडकबत्तिहरुको अभाव, अझै २० प्रतिशत घरहरुमा विद्युत पुग्न नसकेको, राष्ट्रिय प्रशारण लाइनमा नजोडिनु र समय समयमा विद्युत कटौती विद्युत र वैकल्पिक उर्जा क्षेत्रका समस्या हुन्। वैकल्पिक ऊर्जा सम्बन्धी जानकारी वढाउनु पर्ने, विद्युतका पुर्वाधारको व्यवस्थापन गर्नु पर्ने, विद्युतका वारेमा विज्ञ प्राविधिकको व्यवस्था गर्नु। घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनासको कारक तत्वको रूपमा रहेको काठदाउराको प्रयोग उच्च रहेको र यसको बिस्थापन गरी वैकल्पिक ऊर्जा बढाउन थप चुनौती रहेको छ।

### ५.३.३ सोच

" गुणस्तरीय विद्युत सेवाको पहुँच, समृद्ध त्रिवेणीको विकासको आधार । "

### ५.३.४ उद्देश्य

१. वैकल्पिक उर्जाको विकास र सत प्रतिशत विद्युतीय पहुँच सगैं कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने ।
२. ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने ।
३. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु ।

### ५.३.५ रणनीति

१. पूर्वाधार विकासमा नीजि तथा सहकारी क्षेत्रको सहकार्य अभिबृद्धि गर्ने,
२. नगरपालिकालाई बैकल्पिक उर्जा (विशेष गरी सौर्य उर्जा)को केन्द्रको रुपमा विकास गर्ने,
३. सम्भावित माइक्रो हाइड्रो आयोजनाहरुको स्तरोन्नतीमा जोड दिइने,
४. वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता हेरी निजी क्षेत्रलाई आर्कषण गर्ने नीति अवलम्बन गर्ने,
५. विद्युत् प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गर्ने,
६. मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने,

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८० | ९० | १०० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १० | १० | १५ | २० | २५ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ४० | ४५ | ५० | ५० |
| विद्युतबाट चल्ने सवारी साधन | प्रतिशत | - | - | - | - | - |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०५० | १०५ | ९४५ | ० | ९१ | ८८६ | ७३ | ० |
| २०८१/८२ | १२५० | १२५ | ११२५ | ० | ९० | ७८७ | ३७३ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | १४५० | १४५ | १३०५ | ० | ९० | ९८७ | ३७३ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ तथा किफायती वैकल्पिक उर्जामा पहुँच वृद्धि गर्ने | सालबसाली | ३७५० | १००० घरपरिवारलाई बिधुतिय चुलो विररण हुनेछ। |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

राष्ट्रिय प्रशारण लाइनमा नजोडिएको अवस्थामा यस नगरपालिकामा, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ। सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएपनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ। सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतिपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ। सामान्य हुरी बतास र वर्षा हुँदाको समयमा Network Coverage कमजोर रहेको छ । यस नगरपालिका सञ्चार र प्रविधि क्षेत्रबाट पछाडि रहेको छ । यस नगरपालिकामा इन्टरनेट सेवा पनि ज्यादै कम मात्रामा पहुँच रहेको छ भने हालसम्म यस नगर क्षेत्रबाट दैनिक पत्रिका, साप्ताहिक पत्रिका जस्ता पत्रिका प्रकाशन भएको छैन । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.४.२ समस्या तथा चूनौती

विभिन्न विषयगत क्षेत्रहरुमा सूचना केन्द्रको व्यवस्था नभएको, विद्यालयहरुमा विद्यार्थीका लागि कम्प्युटर तथा इन्टरनेटको व्यवस्था पर्याप्त नभएको, कमजोर संचार प्रविधि, NTC, NCELL का टावरहरु अपर्याप्त, अव्यवस्थित संचारको पोलहरु तथा तारहरु हुनु यस क्षेत्रका समस्या हुन्।

सुचना संचार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्तिको उपलब्धता, सुचना संचार तथा प्रविधि सम्बन्धी सँस्था को स्थापना, सुचना प्रविधिलाई सेवा प्रवाहको माध्यम वनाउने काम, सुचना प्रविधिले ल्याउन सक्ने बिकृति रोक्न आवश्यक नीतिगत व्यवस्था र त्यसको व्यावहारिक प्रयोग यसका चुनौती हुन् । ल्याण्डलाईन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता र नगरपालिका वासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्वन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने चुनौती पनि रहेको छ।

सार्वजनिक निकायका काम कारवाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु त्यस्तै यस नगरपालिकामा मोबाइल सेवा तथा सञ्चार सेवा मध्येमा टि.भी र रेडियोको पहुँच विस्तारै बढ्नु र आम नागरिक सुचना तथा सञ्चार क्षेत्रमा आकर्षित रहनु यस क्षेत्रको अवसरहरु हुन् । इन्टरनेटको पहुँच अझै विस्तार गर्न सकिने, WIFI free zone हरुको स्थापना गर्न सकिने, e-library को स्थापना गर्न सकिने, सुचना प्रविधिलाई सेवा प्रवाहको माध्यम वनाउन सकिने ।

### ५४.३ सोच

"सूचना तथा सञ्चार, प्रविधीमैत्री त्रिवेणी निर्माणको आधार"

### ५.४.४ उद्देश्य

१. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै नगरपालिकाभर पहुँच वृद्धि गर्नु ।
२. नगरवासीमा सुचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउनु ।

### ५.४.५ रणनीति

१. नगरपालिकालाई प्रविधिमैत्री पालिकाको रुपमा विकास गर्ने ।
२. नगरपालिकाको आर्थिक गतिविधि र बोलपत्र आह्वानमा आधुनिक सञ्चार प्रविधि प्रयोग गरी सहज पार्दै लैजाने ।
३. नगरका कार्यलय तथा सामाजिक सँस्थाहरुमा सुचना केन्द्रको स्थापना सगैं शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई प्रविधिमैत्री बनाउने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | १० | १० | १५ | २० | २५ |
| नगरपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ९० | ९० | ९० | ९० | ९० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ६० | ६० | ६२ | ६५ | ७० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३५५० | १४२० | २१३० | ० | १०० | ३४५० | ० | ० |
| २०८१/८२ | ४०५० | १६२० | २४३० | ० | १५० | ३९०० | ० | ० |
| २०८२/८३ | ४५५० | १८२० | २७३० | ० | ३५० | ४२०० | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | १२१५० | कार्यपालिका कार्यालय, ७ विषयगत शाखा/शाखा र ९ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ। |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चितता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भुसरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, जीवजन्तु, वनस्पति, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ । मानिसको जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकास अवरुद्ध हुन्छ । अर्को तर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन् । तर दिगो विकासको अवधारणाअनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिइ गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यो दिगो हुनगई वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ । दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२ मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, लक्ष्य नं. १३ मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ । यी लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महशुस गरी तय गरिएका हुन् । स्थानीय स्तरका विकास योजना निर्माण गर्दा दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तिका लागि ध्यान दिनु जरुरी छ । नगरपालिकाको सम्पतीको रूपमा रहेका वनजंगल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरम्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन् ।

### ६.१.२ समस्या तथा चूनौति

ताल तलैया झरनाहरुको पहिचान र नक्शांकन गर्न नसक्नु, सार्वजनिक जग्गाको उचित व्यवस्थापनमा चुनौती हुनु, पानी मुहान संरक्षण ,पोखरीको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन गर्न नसक्नु, आगलागी, चोरीनिकासी तथा चरीचरण नियन्त्रण हुन नसक्नु, नदि नियन्त्रण, पहिरो नियन्त्रण, गल्छि रोकथाम हुन नसक्नु, खोलाहरुको किनार संरक्षण, सडक किनारमा नालाको व्यवस्थापन,सार्वजनिक जग्गा वृक्षारोपण,नदि उकास गरि जमिनलाई उपयोगमा ल्याउन र जलाधार क्षेत्रको उचित संरक्षण गर्न नसक्नु, भूक्षय तथा खाली जमिनमा वृक्षारोपण नहुनु, नदी किनार तटवन्धन हुन नसक्नु वन तथा जैविक विविधता क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन । त्यसैगरी फोहर मैला विर्सजन स्थल उचित नभएको, फोहोरको वर्गीकरण नगरी व्यवस्थापन हुनु, फोहर मैला प्रशोधन नहुनु वतावरण तथा स्वच्छताका प्रमुख चुनौती हुन ।

### ६.१.३ सोच

" जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने "

### ६.१.४ उद्देश्य

१. वन तथा जैविक विविधतालाई आम्दानीमुलक दिगो स्रोतका रुपमा विकास गर्नु ।

२. जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धि गर्ने ।

३. वातावरणीय स्वच्छजवता कायम राख्नु ।

४. प्राकृतिक विपतबाट हुने जोखिम तथा क्षति न्यूनीकरणका लागि विपत व्यवस्थापन योजना निर्माण गरि समुदायस्तरमा कार्यन्वयन गर्ने ।

### ६.१.५ रणनीति

१. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गरी वन तथा जैविक विविधताको दिगो उपयोग गर्ने ।

२. सिमसार तथा जलाधार क्षेत्रफलको संरक्षण र सम्वर्द्धन गर्ने ।

३. नगरपालिका स्तरिय विपद व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | - | १ | १ | १ | १ |
| संरक्षित तालतलैया | संख्या | २ | २ | २ | २ | २ |
| बृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | - | - | १ | ५ | १० |
| नगरपालिका भित्रको वन क्षेत्र | हेक्टर | २७ | २७ | २७ | २७ | २७ |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | २५ | ४० | ५० | ७० | ९० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५२५ | ६१० | ९१५ | ० | १५० | १३७५ | ० | ० |
| २०८१/८२ | २६०२ | १०४१ | १५६१ | ० | २०० | २४०२ | ० | ० |
| २०८२/८३ | ३०१८ | १२०७ | १८११ | ० | ३०० | २७१८ | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बृक्षारोपण कार्यक्रम | सडक का दाया वाया बृक्षारोपण कार्यक्रम गर्नु | सालबसाली | २५०० | ५००० बिरुवा बृक्षारोपण गरी हरीयाली वातावरणमा सुधार आउनेछ। |
| २ | वन तथा हरियाली प्रवर्द्धन कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ४६५० | सामुदायिक वनमा सञ्चालन हुने आयआर्जन तथा जिविकोपार्जनका कार्यहरुमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नगरपालिकामा व्यवस्थित रुपमा फोहर व्यवस्थापनका लागि ल्याडफिल्ड साइटको व्यवस्था नभएको तथा बजार पनि व्यवस्थित नभएकोले हाल खोला किनारहरुमा जताभावी रुपमा फपोहरमैला विर्सजन गर्ने गरिएको छ। नगरपालिकाले प्राकृतिक स्रोत संरक्षण ऐन तर्जुमा, वातावरणीय अध्ययन कार्यविधि स्वीकृति गरी सो अनुसार नगर क्षेत्रका कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा वातावरणीय अध्ययन गरी सञ्चालन गर्नुपर्ने जरुरी देखिन्छ, दिनप्रतिदिन तिव्र रुपमा हुदे गएको बजारीकरणलाई अहिलेबाटै नै फोहरमैला व्यवस्थापन गर्न जरुरी देखिन्छ। यसैगरी प्राकृतिक स्रोत संरक्षण, प्लाष्टिक नियन्त्रण, फोहोर जलाउने कार्यलाई निरुत्साहन गरी प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणका प्रयासहरु अगाडि बढाई स्वच्छ वातावरणको लागि सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौति

नगर क्षेत्र फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको उचित व्यवस्थापन गर्न सकिएको छैन। नगर क्षेत्रमा जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्दको व्यवस्था नहुँदा तरल फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन।

### ६.२.३ सोच

"स्वच्छ, सन्तुलित र मनोरम पर्यावरण"

### ६.२.४ उद्देश्य

१. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइमा अभिवृद्धि गर्नु,

२. वातावरण अनुकूलित विकास, स्वच्छ उर्जा, प्रविधि तथा हरियाली अभिवृद्धि गर्नु।

### ६.२.५ रणनीति

१. वातावरण अनुकूलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिवृद्धि गर्ने।

२. नागरिक सचेतना तथा पूर्ण सरसफाईको माध्यमबाट दिगो स्वच्छता तथा सरसफाइ कायम गर्ने।

३. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| फोहोर संकलन साधन | संख्या | - | - | - | - | - |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६० | ७५ | १०० | १५० | २०० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९० | ९५ | ९५ | ९८ | १०० |
| स्रोतमा नै फोहर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | - | २० | २० | ३० | ५० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८०/८१ | १५२५ | १०६७ | ४५७ | ० | ५०० | १०२५ | ० |
| २०८१/८२ | २६०२ | १८२१ | ७८१ | ० | २६० | २३४२ | ० |
| २०८२/८३ | ३०१८ | २११२ | ९०५ | ० | २०० | २८१८ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | वातावरणीय स्वच्छता कायम गर्नु | सालबसाली | ७१४५ | दैनिक ५०० केजि फोहोर मैलाको वर्गीकरण, प्रशोधन, परिचालन व्यवस्थित हुनेछ। |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । त्रिवेणी नगरपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यसै आर्थिक वर्षमा मात्रै बाजुरा केन्द्र बिन्दु भई ६.५, ५.८ तथा ५.४ रेक्टरस्केलका भुकम्पहरु पटक पटक गईरहेका छन्  तथा यसबाट ठूलामात्रामा धनजनको क्षति हुने गरेको छ। यस नपरपालिकामा करिव ७०० भन्दा बढि घरहरु आशिंक रुपमा चर्केका छन् भुकम्पबाट। हाम्रो सुदूरपश्चिम प्रदेश भुकम्पिय जोखिममा रहेकोले यस नगरपालिकाले पनि विशेष सावधानीहरु अपनाउनुपर्ने साथै पूर्वतयारीका साथै प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गर्न ढिलो गर्नु हुदैन । त्यसका अलावा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्ननसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ।

स्थानीय प्राथमिकताको योजना बनाई सरकारी बजेट र नीति, नियममा विपद् तथा जलवायु उत्थानशिल योजनालाई नगरपालिकाको योजनामा संलग्न गराउने, स्थानीय तहमा प्रकोप तथा जोखिमको पहिचान, सोको विश्लेषण साथै मूल्याङ्कन र पूर्व सूचना प्रणालीको विकास गर्ने, समुदाय स्तरमा भएको ज्ञान, नवीनतम सोच तथा शिक्षाको प्रयोगबाट समुदाय तहमा सुरक्षा र पूर्वतयारी भएको उत्थानशील संस्कारको निर्माण गर्ने, समुदाय स्तरमा अन्तरनिहित जोखिमका कारणहरू पत्ता लगाई न्यूनीकरणका लागि पहल गर्ने, प्रभावकारी योजना निर्माणका लागि विषयविज्ञ एवम् अन्य सहयोगी सरोकारवालाहरूको सहयोग लिई प्रकोपको पूर्वतयारीलाई सशक्त बनाउने, विपद् व्यवस्थापन कोष व्यवस्थित गर्न पहल गर्नुका साथै स्रोतको खोजी गर्ने, समुदायमा अपनत्वको भावनामा वृद्धि गराउनका साथै विपद् उत्थानशील समाजको निर्माण र दिगो विकासका लागि आपतकालीन पूर्व तयारी तथा प्रतीकार्य योजना तयारगरि कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता रहेकोछ ।

### ६.३.२ समस्या तथा चूनौति

नगर क्षेत्रमा वर्षातको समयमा बुढीगंगा नदी क्षेत्रमा लगायतका नदीमा आउने बाढी तथा नदी कटानले गर्दा नगर तथा आसपासका क्षेत्रहरू बाढी तथा पहिरो पर्ने समस्या रहेको छ । यसैगरी नगर क्षेत्रको प्रमुख प्रकोपहरुमा बाढी, आगलागी, तथा हुरीवतास आदि रहेका छन् । विशेष गरी वर्षायाममा नदीहरुमा पानीको बहाव बढ्न नगरबासीहरूले भिरालो जमिनका कारण पहिरोको समस्या भोग्दै आई रहेका छन् भने गर्मीयाममा हुरी वतास तथा आगलागिको समस्या हुने गरेको छ। यस्ता प्रकोप तथा यसबाट हुने विपद्वाट कसरी बाँच्न र ब्चाउन सकिन्छ भन्ने जानकारी नगरवासीहरू नहुनु अर्को समस्याको रुपमा रहेको छ।

### ६.३.३ सोच

“प्रकोप व्यवस्थापनमा सक्षम, सुरक्षित नगरपालिका”

### ६.३.४ उद्देश्य

१. प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु ।
२. विपद् पूर्व तयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु ।

३. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका उपाय तथा अभ्यासको प्रवर्द्धन गर्नु ।

### ६.३.५ रणनीति

१. प्रकोप नक्सांकन, जोखिम आँकलन तथा पूर्व तयारी गर्ने ।

२. जलवायु परिवर्तन अनुकूलनलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

३. नगरपालिकामा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि संस्थागत व्यवस्था एवम् समुदाय र सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ३० | ४० | ४० | ५० | ६० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | घरघुरी आशिंक क्षती | ७०० | ७०० | – | – | – |
| नगर आपतकालिन संचालन केन्द्र | संख्या | – | – | १ | १ | १ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | १८ | १८ | १८ | १८ | १८ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | १०५० | १०५० | ३०५० | ५०५० | ७०६० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ९५ | ९५ | ९५ | ९५ | ९५ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०७९/८० | ३०५० | २२८८ | ७६३ | ० | ३१५ | २२५७ | ४७८ |
| २०८०/८१ | ३५५० | २६६३ | ८८८ | ० | ५० | ३३५८ | १४२ |
| २०८१/८२ | ४०५० | ३०३८ | १०१३ | ० | ७०० | १५२१ | १८२९ |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायनुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १०६५० | विपदबाट हुने क्षतिमा वार्षिक २० प्रतिशत कमी आउनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विभिन्न समयमा आउने महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

त्रिवेणी नगरपालिकाको शासकिय संरचना क्रमिक रुपमा व्यवस्थित हुदैगईरहेको छ । नगरपालिकाले संवैधानिक रुपमा एकल अधिकार भित्र रहेका क्षेत्रहरुलाई सम्वोधन गर्ने गरी ४ वटा विषयमा नीति, ८ वटा विषयमा ऐन, ३ वटा विषयमा नियम/विनियम, २६ वटा कार्यविधी ४ वटा निर्देशिका र मार्गदर्शन तयार पारेको छ । नगरपालिका मातहत ८ वटा नीतिगत समितिहरु क्रियाशिल छन् । जवाफदेहिता तथा पारदर्शितालाई कार्यान्वयन गर्न नगरपालिकाले बार्षिक रुपमा १० वटा नागरिक वडा पत्र अध्यावधिक गरी कार्यालय परिसरमा प्रदर्शन गरेको छ भने बार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण हुने नगरेकोमा अव शुसाशनको अभ्यासलाई प्रयोगमा ल्याउन जरुरी छ । नगरपालिकाको वार्षिक योजनामा आर्थिक विकास तथा आयमुलक क्षेत्रमा लगानी अनुपात ३.३६ प्रतिशत, कुल आयोजना मध्य ८० प्रतिशत उपभोक्ता समितिबाट तथा २० प्रतिशत ठेक्का प्रक्रिया बाट, समयमा सम्पन्न आयोजनाको अनुपात ८५ प्रतिशत रहेको छ । विषय क्षेत्रगत समेत जम्मा कर्मचारी १०९ जनामा स्थायी २० जना तथा करारमा ८९ कर्मचारी कार्यरत रहेका छन् । टोल विकास संस्थाहरु दर्ता भएता पनि टोल बिकास संस्थाहरुबाट निर्माण कार्यहरु गर्ने शुरुवात भइसकेको अवस्था छैन ।

नगरपालिकाले आवश्यकता अनुसार व्यवस्थापिकाको हैसियतमा कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर उपलब्ध रहेको छ ।

### ७.१.२ समस्या तथा चूनौति

नगरपालिकाले गरेका काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिबृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण आन्तरिक रुपमा हुने गरेको भएपनि सेवा प्रवाहमा त्यस्को प्रभाव कम देखिनु, नगरपालिकामा विकास कार्य तथा सेवा प्रवाहको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र नहुनु, व्यवस्थित र प्रभावकारी सुचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्या हुन् ।

### ७.१.३ सोच

“पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममुखी, नागरिकमैत्री शहररी शासन, सेवा प्रवाह र विकास”

### ७.१.४ उद्देश्य

१. शहरी शासन, विकास नीति तथा कार्य प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,
२. नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.१.५ रणनीति

१. स्थानीय शासन प्रणाली तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

२. नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको संलग्नता र अपनत्व वृद्धि गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| स्वीकृत नीति, कानून र कार्यविधि | विषय | | | | | |
| ▪ नीति | विषय | ३ | ३ | ५ | ६ | ७ |
| ▪ नियमावली | विषय | ३ | ४ | ५ | ५ | ६ |
| ▪ ऐन | विषय | ८ | ८ | १० | १२ | १४ |
| ▪ नियम तथा विनियम | विषय | ३ | ३ | ४ | ५ | ६ |
| ▪ कार्यविधि | विषय | १६ | १७ | २० | २२ | २५ |
| ▪ मापदण्ड | विषय | ३ | ३ | ५ | ६ | ७ |
| ▪ निर्देशिका | विषय | २ | ३ | ५ | ५ | ५ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ७ | ७ | १० | १० | १० |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५२५ | १४९४ | ३० | ० | ९० | १४३५ | ० | ० |
| २०८१/८२ | २६०२ | २५५० | ५२ | ० | ७० | २५३२ | ० | ० |
| २०८२/८३ | ३०१८ | २९५७ | ६० | ० | ८० | २९३८ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति, कानुन, न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | ७१४५ | नीति, कानून तथा कार्यविधि परिपालनामा ४० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय , प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

त्रिवेणी नगरपालिकाको मुख्य कार्यालयको प्रशासनिक भवन निर्माणाधिन अवस्थामा निर्माण भईरहेको छ। आ.व. ८० /८१ बाट आफनै भवनमाबाट सेवा प्रवाह गर्ने योजना बनाएको छ। २ वर्ष पहिलेबाट निर्माण भईरहेको भवन निर्माण पश्चात नगरपालिकाका कार्यहरु सहज र सरल रुपमा संचालन हुने तथा सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ। यसका अतिरिक्त नगरका ४ ओटा वडा कार्यालय आफ्नै भवनमा सञ्चालन भई सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ। वडा नं ६,वडा नं १ को वडा भवन निर्माण प्रक्रियामा गएका छन्। वडा नं ७,९,२ वडाका भवनहरुको निर्माण प्रक्रिया शुरु भएको छैन। एकीकृत सेवा सहितको नगर कार्यपालिका, सबै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, स्वास्थ्य संस्थाबाट सेवा प्रवाह भइरहेको र उपरोक्त कार्यालयको स्तरोन्नतिका लागि नगरपालिकाले प्रयास गर्नुपर्ने देखिन्छ। नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर र सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ। नगरपालिकाको कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो बमोजिमको शाखाहरूको व्यवस्था, विद्यमान कर्मचारीहरूको मिलान तथा थप कर्मचारी प्राप्ति गर्ने प्रक्रिया कार्यान्वयन गर्नको लागि क्षमता विकास योजना बनाई कार्यान्वयन गरेमा नगरपालिकाको पनि क्षमता संस्थागत रुपमा अगाढी बढ्ने देखिन्छ। सङ्घीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रगत समेत जम्मा १०९ कर्मचारी मध्ये निजामतिमा जम्मा कर्मचारी १०९ जनामा स्थायी २० जना तथा करारमा ८९ कर्मचारी कार्यरत रहेका छन्।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव संशाधन विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति मा निरन्तर सुधार आएपनि अझ प्रभावकारी बनाउनुपर्ने पक्षहरु प्रसस्तै देखिन्छन। नगरपालिकाको सेवा प्रवाह मा समेत थप प्रभावकारी बनाउने क्षेत्रहरु रहेका छन्। जनशक्तिको परिचालन तथा नगरको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी मार्गमा जति बढी हुनु पर्ने हो त्यसमा बढी जोड दिनुपर्ने देखिन्छ। नगरपालिका तथा वडा कार्यालयहरुबाट समेत सेवा प्रवाहका दृष्टिले जनमैत्री बनाउन, कर्मचारीको दक्षता तथा विषय विज्ञ कर्मचारी परिचालन गर्नु, जनप्रतिनिधिमा पर्याप्त कानूनी तथा प्राविधिक आदान प्रदान गर्ने कुरामा थप सुधार गर्नुपर्ने पक्षहरु देखिएका छन्। नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयनमा परिवर्तित राजनीतिक संरचनालाई पूर्ण रुपमा आत्मसाथ गर्न कर्मचारी प्रशासन र जनप्रतिनिधि बीचको बुझाईमा एकरुपता हुन नसक्नु संगठन तथा मानव संशाधनसँग सम्बन्धित समस्या प्रमुख समस्याको रुपमा रहेका छन्।

### ७.२.३ सोच

“सांगठनिक पुनसंरचना, दक्ष मानव संशाधन र कार्यसम्पादन तथा सेवा प्रवाहमा प्रभावकारिता”

### ७.२.४ उद्देश्य

१. प्रशासनिक संरचनालाई प्रविधिमैत्री, पारदर्शी र मितव्ययी वनाउनु,
२. निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्नु,

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने
२. नगर कार्यपालिका कार्यालय तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने।
३. प्रशासनिक संयन्त्र तथा कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने,

४. “स्मार्ट कर्मचारी प्रशासन र सेवा प्रवाह”को लागि संरचनात्मक व्यवस्था र जनप्रतिनिधि र कर्मचारीको क्षमता वृद्धी गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | १०६ | १०९ | ११५ | १२० | १२५ |
| नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १९ | २१ | २३ | २४ | २५ |
| नगर र वडा तहमामा जवाफदेही, समावेशी र सहभागितामूलक निर्णय अभ्यास गर्ने संरचना | संख्या | ७ | १० | १० | १० | १० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडा | प्रतिशत | १० | २० | २० | ३० | ५० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २४५०६० | २४०१५९ | ४९०१ | ० | १२८५५४ | ११६५०६ | ० | ० |
| २०८१/८२ | २५६०७० | २५०९४९ | ५१२१ | ० | १४८९४७ | १०७१२३ | ० | ० |
| २०८२/८३ | २६७०८० | २६१७३८ | ५३४२ | ० | १७१७७४ | ९५३०६ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन, मानव संसाधन तथा क्षमता विकास कार्यक्रम | सेवा प्रवाह सुचारु तथा प्रभावकारी बनाउनु | सालवसाली | १००१५३८ | सबै शाखाको संगठन संरचना दरवन्दी कार्य विवरण तयार भई कर्मचारीको पदपुर्ति तथा क्षमता विकास हुनेछ । |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय , प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको भएतापनि आन्तरिक आय निकै कम रहेको अवस्था छ । नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग बढेता पनि आन्तरिक श्रोत तर्फ कम भएकोमा आन्तरिक श्रोतका दायराहरु फराकिलो बनाई स्थानीय स्तरमा राजश्व अभिमुखिकरण, राजश्व क्षमता अभिबृद्धिका कार्यक्रमहरु वडा वडामा संचालन गरी राजश्व शाखाको क्षमता अभिबृद्धि गर्नुपर्ने देखिन्छ । आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढीकरण गर्दै सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने, करदातामैत्री शिक्षा तथा अभिमुखिकरण मार्फत सकारात्मक सन्देश प्रवाह गर्ने । हाल नगरपालिकाले कुल राजस्व ५० लाख अनुमान गरेकोमा आ.व. ०७८/०७९ मा ३२ लाख ७८ हजार संकलन भएको छ । त्रिवेणी नगरपालिकाको आन्तरिक आयको अवस्था निकै कमजोर रहेकोमा सो सम्बन्धि राजश्व सुधार कार्ययोजना निर्माण गरि करमैत्री शिक्षा, अभिमुखिकरण तथा करको दायरा बढाई जनचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । व्यावसाय करको दर तथा दायरा बढाउनुपर्ने, व्यावसायदर्ता तथा नविकरण कार्यक्रमहरु सफल बनाउनको लागि व्यापक मात्रामा करमैत्री अभियानहरु, टोल टोल बस्ती बाट चलाउनुपर्ने देखिन्छ ।

### ७.३.२ समस्या तथा चूनौति

नगरपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिको प्रयोग गरि राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा न्युन राजस्व मात्र संकलन भइरहेको छ । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ ।

### ७.३.३ सोच

“प्रभावकारी राजश्व तथा श्रोत परिचालन र समृद्ध त्रिवेणी”

### ७.३.४ उद्देश्य

१. आन्तरिक राजश्व तथा सोत परिचालनलाई वैज्ञानिक र सूचना प्रविधिमैत्री बनाउनु,
२. आन्तरिक तथा वाह्य स्रोत परिचालन प्रणालीलाई व्यवस्थित बनाउनु,
३. दिगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका लागि नीतिगत आधार तयार गर्नु ।

### ७.३.५ रणनीति

१. आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढीकरण गर्दै सार्वजनिक, नीजि तथा स्थानीय समुदायको सहभागितामुलक प्रकृयाबाट स्रोत परिचालनको मोडालिटी बनाउने,
२. करदातामैत्री शिक्षा तथा अभिमुखिकरण मार्फत सकारात्मक सन्देश प्रवाह गर्ने,
३. सङ्घीय र प्रदेश सरकारसँग वृहत आयोजना सञ्चालनको लागि नेपाल सरकार र विकास साझेदारसँग अनुरोध तथा पैरवी गर्ने ।
४. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानको वृद्धिका लागि आवश्यक पहल गर्ने,
५. गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने,
६. निजी क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने ।

७. उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | ०७८/७९सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | ३३७८ | ५०५० | ६०७० | ८०५० | ९०५० |
| कुल बार्षिक बजेट | रु.हजारमा | ५२८२०० | ६०६६३८ | ६४०१४० | ७२२५४५ | ७६९४५७ |
| बेरुजु रकम | रु.हजारमा | ३५०५० | - | - | - | - |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | - | ३ | ४ | ५ | ६ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५१७ | १४४१ | ७६ | ० | ३० | १४८७ | ० | ० |
| २०८१/८२ | १६०० | १५२० | ८० | ० | २५ | १५७५ | ० | ० |
| २०८२/८३ | १८०६ | १७१६ | ९० | ० | ४५ | १७६१ | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजश्व तथा स्रोत परिचालन कार्यक्रम | राजश्व सुधार तथा स्रोत परिचालनलाई व्यवस्थित बनाउनु | सालबसाली | ४९२३ | आन्तरिक रुपमा त्रिवेणी नगरपालिकाको राजश्व १५ प्रतिशतले बृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

त्रिवेणी नगरपालिकाको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने मुख्य ध्येयका साथ त्रिवेणी नगरपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना तर्जुमा गरी सोको आधारमा आयोजना वैंक तयार गर्ने र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत

सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ ।

नगर सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजीक्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ सोच

“प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन”

### ७.४.४ उद्देश्य

१. योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामममूलक, व्यवस्थित तथा नतिजामूलक बनाउनु
२. प्रभावकारी, सहभागितामुलक तथा दिगो योजना व्यवस्थापन गर्नु ।

### ७.४.५ रणनीति

१. योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,
२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने,
३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने,
४.समावेशी तथा सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया, सामाजिक उत्तरदायित्वका विधिहरुको कार्यान्वयनलाई संस्थागत गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना | विषय | १ | १ | २ | ३ | ३ |
| नगरपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ४ | ५ | ६ | ८ | ९ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७५ | ८० | ८० | ८५ | ९० |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८५० | ७६५ | ८५ | ० | १३० | ७२० | ० | ० |
| २०८१/८२ | १०५० | ९४५ | १०५ | ० | १५० | ९०० | ० | ० |
| २०८२/८३ | १५५० | १३९५ | १५५ | ० | १८० | १३७० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क तथा योजना व्यवस्थापन कार्यक्रम | योजना व्यवस्थापनलाई तथ्यमा आधारित सुचना प्रविधि मैत्री नतिजामूलक तथा प्रभावकारी बनाउने | सालवसाली | ३४५० | आवधिक योजना निर्माण र सोको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ। |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय , प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल,त्रिवेणी नगरपालिका,बाजुरा

| क.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, प्रशासन शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक विकास शाखा | - सदस्य |
| ५. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ६. | प्रमुख, प्रशासन शाखा, | - सदस्य |
| ७. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| ८. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य सचिव |

# अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## पृष्ठभुमि

समस्या र चुनौतिको चाङ बोकेर शुरु गरेको संङ्घीय शासन व्यवस्थाको यात्रामा अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको लहरले अवसरका ढोकाहरु खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरुको घरदैलोमा विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ ।

उपरोक्त सन्दर्भलाई ह्दयङगम गरी सरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ ।

यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन ।

यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम नगरपालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वियन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वियनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ। आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेगत रुपमा तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरु

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ । यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न नगरपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संवधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सार्वजनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्र्दभिक बुँदाहरु

१०. प्रथम आवधिक नगर विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

आगामी आ.व. २०७९/८० समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि विषयगत उप-क्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप-क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा |
| **क** | **आर्थिक विकास** | २०८०/८१ | **५८५७१** | **११७१४** | **४६८५७** | **०** | **९८५२** | **४७९८६** | **७३३** | **०** |
| | | २०८१/८२ | **६५८२३** | **१३१६५** | **५२६५८** | **०** | **११९७४** | **५३७२९** | **९२०** | **०** |
| | | २०८२/८३ | **६३३४७** | **१२६६९** | **५०६७८** | **०** | **१२१२०** | **५०१११** | **१११६** | **०** |
| १ | कृषि तथा खाद्य सुरक्षा | २०८०/८१ | ५२५० | १०५० | ४२०० | ० | ८५५ | ४०७६ | ३१८ | ० |
| | | २०८१/८२ | ५५६० | १११२ | ४४४८ | ० | ८९५ | ४१८१ | ४८४ | ० |
| | | २०८२/८३ | ६०५० | १२१० | ४८४० | ० | १७७ | ५२१४ | ६५९ | ० |
| २ | सिंचाई | २०८०/८१ | १८२० | ३६४ | १४५६ | ० | ४२८ | १३९२ | ० | ० |
| | | २०८१/८२ | २३५० | ४७० | १८८० | ० | ४४७ | १९०३ | ० | ० |
| | | २०८२/८३ | २६५० | ५३० | २१२० | ० | ५८९ | २०६१ | ० | ० |
| ३ | पशु सेवा | २०८०/८१ | ४५५० | ९१० | ३६४० | ० | ४२८ | ४१२२ | ० | ० |
| | | २०८१/८२ | ४८५० | ९७० | ३८८० | ० | ४४७ | ४४०३ | ० | ० |
| | | २०८२/८३ | ५२५० | १०५० | ४२०० | ० | ५८९ | ४६६१ | ० | ० |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | २०८०/८१ | ३२०१ | ६४० | २५६१ | ० | ४२८ | २७७३ | ० | ० |
| | | २०८१/८२ | १४५० | २९० | ११६० | ० | ४४७ | १००३ | ० | ० |
| | | २०८२/८३ | १७५० | ३५० | १४०० | ० | ४५९ | १२९१ | ० | ० |
| ५ | पर्यटन तथा संस्कृति | २०८०/८१ | २३००० | ४६०० | १८४०० | ० | ६४२८ | १६५७२ | ० | ० |
| | | २०८१/८२ | २८००० | ५६०० | २२४०० | ० | ७४४७ | २०५५३ | ० | ० |
| | | २०८२/८३ | २२५०० | ४५०० | १८००० | ० | ८५८९ | १३९११ | ० | ० |
| ६ | | २०८०/८१ | १८५० | ३७० | १४८० | ० | १२८६ | ५६४ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | ७२३ | २८९० | ० | १४८९ | २१२३ | ० | ० |

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा |
| | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०८२/८३ | ३८४७ | ७६९ | ३०७८ | ० | १७१८ | २१३० | ० | ० |
| ७ | श्रम, रोजगारी | २०८०/८१ | १४५०० | २९०० | ११६०० | ० | ० | १४०८५ | ४१५ | ० |
| | | २०८१/८२ | १५२०० | ३०४० | १२१६० | ० | ० | १४७६४ | ४३६ | ० |
| | | २०८२/८३ | १६१०० | ३२२० | १२८८० | ० | ० | १५६४३ | ४५७ | ० |
| ८ | गरिबी निवारण | २०८०/८१ | ४४०० | ८८० | ३५२० | ० | ० | ४४०० | ० | ० |
| | | २०८१/८२ | ४८०० | ९६० | ३८४० | ० | ० | ४८०० | ० | ० |
| | | २०८२/८३ | ५२०० | १०४० | ४१६० | ० | ० | ५२०० | ० | ० |
| **ख** | **सामाजिक विकास** | २०८०/८१ | **९४०६५** | **१८८१३** | **७५२५२** | **०** | **४५२२२** | **३८८७०** | **९९७४** | **०** |
| | | २०८१/८२ | **११९७३०** | **२३९४६** | **९५७८४** | **०** | **५२८७९** | **५६३१४** | **१०५३७** | **०** |
| | | २०८२/८३ | **१४८२१०** | **२९६४२** | **११८५६८** | **०** | **६०५१०** | **७६६६६** | **११०३४** | **०** |
| ९ | शिक्षा, कला, भाषा तथा साहित्य | २०८०/८१ | ४१२१५ | ८२४३ | ३२९७२ | ० | १९२८३ | १८६१३ | ३३१८ | ० |
| | | २०८१/८२ | ४२०५० | ८४१० | ३३६४० | ० | २२३४२ | १६२२४ | ३४८४ | ० |
| | | २०८२/८३ | ४४५७० | ८९१४ | ३५६५६ | ० | २५७६६ | १५१४५ | ३६५९ | ० |
| १० | स्वास्थ्य तथा पोषण | २०८०/८१ | ३४०५० | ६८१० | २७२४० | ० | १९२८३ | ९७८९ | ४९७८ | ० |
| | | २०८१/८२ | ५७०८० | ११४१६ | ४५६६४ | ० | २२३४२ | २९५११ | ५२२७ | ० |
| | | २०८२/८३ | ८५०४० | १७००८ | ६८०३२ | ० | २५७६६ | ५३७८६ | ५४८८ | ० |
| ११ | खानेपानी तथा सरसफाइ | २०८०/८१ | १३२०० | २६४० | १०५६० | ० | ६४२८ | ६७७२ | ० | ० |
| | | २०८१/८२ | १४२०० | २८४० | ११३६० | ० | ७४४७ | ६७५३ | ० | ० |
| | | २०८२/८३ | १०५०० | २१०० | ८४०० | ० | ८५८९ | १९११ | ० | ० |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८०/८१ | ३५५० | ७१० | २८४० | ० | २१४ | १६७७ | १६५९ | ० |
| | | २०८१/८२ | ४०५० | ८१० | ३२४० | ० | ७२४ | १५८४ | १७४२ | ० |
| | | २०८२/८३ | ५०५० | १०१० | ४०४० | ० | २९४ | २९२६ | १८२९ | ० |
| १३ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८०/८१ | २०५० | ४१० | १६४० | ० | १४ | २०१८ | १८ | ० |
| | | २०८१/८२ | २३५० | ४७० | १८८० | ० | २४ | २२४२ | ८४ | ० |
| | | २०८२/८३ | ३०५० | ६१० | २४४० | ० | ९४ | २८९७ | ५९ | ० |
| **ग** | **पूर्वाधार विकास क्षेत्र** | २०८०/८१ | **१४५७००** | **१०८३३** | **१३४८६ ८** | **०** | **१०३९२९** | **७९५७८** | **९५९३३** | **०** |
| | | २०८१/८२ | **१६९४२०** | **१२९०४** | **१५६५१७** | **०** | **२५१०१** | **११८७५५** | **२५५६५** | **०** |
| | | २०८२/८३ | **२१००६२** | **१६११७** | **१९३९४५** | **०** | **२७५७९** | **१६५२४९** | **१७२३४** | **०** |
| १ ४ | बस्ती विकास, आवास तथा भवन | २०८०/८१ | ४५०५० | ४५०५ | ४०५४५ | ० | १२८५५ | २७२१७ | ४९७८ | ० |
| | | २०८१/८२ | ५९०५० | ५९०५ | ५३१४५ | ० | १४८९५ | ३८९२९ | ५२२७ | ० |
| | | २०८२/८३ | ७८९८२ | ७८९८ | ७१०८४ | ० | १७१७७ | ५६३१७ | ५४८८ | ० |
| १५ | सडक तथा यातायात | २०८०/८१ | ९६०५० | ४८०३ | ९१२४८ | ० | ९०८८२ | ४८०२५ | ९०८८२ | ० |
| | | २०८१/८२ | १०५०७० | ५२५४ | ९९८१७ | ० | ९९६५ | ७५१३९ | १९९६५ | ० |
| | | २०८२/८३ | १२५०८० | ६२५४ | ११८८२६ | ० | ९९६२ | १०३७४५ | ११३७३ | ० |
| १६ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८०/८१ | १०५० | १०५ | ९४५ | ० | ९१ | ८८६ | ७३ | ० |
| | | २०८१/८२ | १२५० | १२५ | ११२५ | ० | ९० | ७८७ | ३७३ | ० |
| | | २०८२/८३ | १४५० | १४५ | १३०५ | ० | ९० | ९८७ | ३७३ | ० |

| क्र. सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | २०८०/८१ | ३५५० | १४२० | २१३० | ० | १०० | ३४५० | ० | ० |
| | | २०८१/८२ | ४०५० | १६२० | २४३० | ० | १५० | ३९०० | ० | ० |
| | | २०८२/८३ | ४५५० | १८२० | २७३० | ० | ३५० | ४२०० | ० | ० |
| **घ** | **वन तथा वातावरण क्षेत्र** | २०८०/८१ | **९४५१** | **५८०८** | **३६४३** | **०** | **९६५** | **८००९** | **४७८** | **०** |
| | | २०८१/८२ | **१०७७५** | **६६३६** | **४१३९** | **०** | **५१०** | **१०१२३** | **१४२** | **०** |
| | | २०८२/८३ | **११७४५** | **७२७०** | **४४७५** | **०** | **१२००** | **८७१५** | **१८२९** | **०** |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | २०८०/८१ | ३२०१ | १२८० | १९२० | ० | १५० | ३०५१ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | १४४५ | २१६८ | ० | २०० | ३४१३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | १५३९ | २३०८ | ० | ३०० | ३५४७ | ० | ० |
| १९ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८०/८१ | ३२०१ | २२४० | ९६० | ० | ५०० | २७०१ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | २५२९ | १०८४ | ० | २६० | ३३५३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | २६९३ | ११५४ | ० | २०० | ३६४७ | ० | ० |
| २० | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | २०८०/८१ | ३०५० | २२८८ | ७६३ | ० | ३१५ | २२५७ | ४७८ | ० |
| | | २०८१/८२ | ३५५० | २६६३ | ८८८ | ० | ५० | ३३५८ | १४२ | ० |
| | | २०८२/८३ | ४०५० | ३०३८ | १०१३ | ० | ७०० | १५२१ | १८२९ | ० |
| **ङ** | **संस्थागत विकास क्षेत्र** | २०८०/८१ | २४५०६० | २४०१५९ | ४९०१ | ० | १२८५५४ | ११६५०६ | ० | ० |
| | | २०८१/८२ | २५६०७० | २५०९४९ | ५१२१ | ० | १४८९४७ | १०७१२३ | ० | ० |
| | | २०८२/८३ | २६७०८० | २६१७३८ | ५३४२ | ० | १७१७७४ | ९५३०६ | ० | ० |
| २१ | नीति, कानून, न्याय तथा सुशासन | २०८०/८१ | ३२०१ | ३१३७ | ६४ | ० | ९० | ३१११ | ० | ० |
| | | २०८१/८२ | ३६१३ | ३५४० | ७२ | ० | ७० | ३५४३ | ० | ० |
| | | २०८२/८३ | ३८४७ | ३७७० | ७७ | ० | ८० | ३७६७ | ० | ० |
| २२ | संगठन, मानव संशाधन र सेवा प्रवाह | २०८०/८१ | २४५०६० | ३१३६३३ | ६४०१ | ० | १२८५५४ | १९१४८० | ० | ० |
| | | २०८१/८२ | २५६०७० | ३२४०२४ | ६६१३ | ० | १४८९४७ | १८१६९० | ० | ० |
| | | २०८२/८३ | २५७०८० | ३४३८५० | ७०१७ | ० | १७१७७४ | १७९०९३ | ० | ० |
| २३ | राजस्व तथा राजस्व परिचालन | २०८०/८१ | १६०० | १५२० | ८० | ० | ३० | १५७० | ० | ० |
| | | २०८१/८२ | १८०६ | १७१६ | ९० | ० | २५ | १७८१ | ० | ० |
| | | २०८२/८३ | १९२४ | १८२७ | ९६ | ० | ४५ | १८७९ | ० | ० |
| २४ | तथ्याङ्क, योजना तथा बिकास परिचालन | २०८०/८१ | ८५० | ७६५ | ८५ | ० | १३० | ७२० | ० | ० |
| | | २०८१/८२ | १०५० | ९४५ | १०५ | ० | १५० | ९०० | ० | ० |
| | | २०८२/८३ | १५५० | १३९५ | १५५ | ० | १८० | १३७० | ० | ० |
| | **जम्मा** | २०८०/८१ | **६४०१४०** | **३६६२२३** | **२६७२४९** | **०** | **२८८७७२** | **३७१३२३** | **१०७११७** | **०** |
| | | २०८१/८२ | **७२२५४५** | **३८६८७६** | **३१५९७८** | **०** | **२३८८५६** | **४२६८३४** | **३७१६४** | **०** |
| | | २०८२/८३ | **७६९४५७** | **४१६५४१** | **३७५०११** | **०** | **२७३४८९** | **४८६८५०** | **३१२१३** | **०** |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही प्रथम आवधिक नगर विकास योजना/एकीकृत विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा साँकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार आ.व.२०८०/२०८१ को नगर सभा गरी मिति २०८० फागुन १५ गते भित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. आवधिक तथा विषयक्षेत्र रणनीतिक/ गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव, रुपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्नेछ ।

६. नगरस्तरीय योजना छनौट गर्दा आयोजना वैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिबृद्धी गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र संभाव्यता अध्ययन, सर्वेक्षण, ड्इङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र साँस्कृतिक रुपमा संभाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रगत र विषयगत उप-क्षेत्रअनुसार छुट्टाछुट्टै रुपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

## अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क.सं. | कार्यक्रम आयोजना | आ व २०८०/८१ | | | आ व २०८१/८२ | | | आ व २०८२/८३ | | | सांकेतीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | Priority | SDG | Gender | Climate |
| **क.** | **कृषि तथा खाद्य सुरक्षा** | ५८०० | ११६० | ४६४० | ५३५० | २१०० | ३२५० | ५७५० | ११५० | ४६०० | | | | |
| १ | कागति उत्पादन मिसन कार्यक्रम | १३५० | २७० | १०८० | १३५० | १३०० | ५० | १३५० | २७० | १०८० | P1 | SDG2 | GRB2 | CC2 |
| २ | आलुको बिउ उत्पादन कार्यक्रम | ९५० | १९० | ७६० | ५०० | १०० | ४०० | ६०० | १२० | ४८० | P1 | SDG2 | GRB2 | CC2 |
| ३ | मकैको बिउ उत्पादन कार्यक्रम १ देखि ४ वडा | ५०० | १०० | ४०० | ५०० | १०० | ४०० | ८५० | १७० | ६८० | P2 | SDG3 | GRB3 | CC3 |
| ४ | रैथाने वाली प्रवर्द्धन | ३०० | ६० | २४० | ३०० | ६० | २४० | २०० | ४० | १६० | P3 | SDG4 | GRB4 | CC4 |
| ५ | तरकारी उत्पादन तथा बजारीकरण कार्यक्रम | ५०० | १०० | ४०० | ५०० | १०० | ४०० | ७०० | १४० | ५६० | P4 | SDG5 | GRB5 | CC5 |
| ६ | कृषि विकास अन्य कार्यक्रम | २२०० | ४४० | १७६० | २२०० | ४४० | १७६० | २०५० | ४१० | १६४० | P5 | SDG6 | GRB6 | CC6 |
| **ख.** | **सिंचाई** | २२७० | २२७ | २०४३ | २२७० | २२७ | २०४३ | २२८० | २२८ | २०५२ | | | | |
| ७ | सिंचाई प्रणाली निर्माण मर्मत संभार कार्यक्रम | २२७० | २२७ | २०४३ | २२७० | २२७ | २०४३ | २२८० | २२८ | २०५२ | P1 | SDG12 | GRB3 | CC3 |
| **ग** | **पशुपंक्षी विकास** | ४८८० | २९२८ | १९५२ | ४८८० | २९२८ | १९५२ | ४८८० | २९२८ | १९५२ | | | | |
| ८ | व्यावसायिक पशुपंछी उत्पादन प्रवर्द्धन कार्यक्रम | १४८० | ८८८ | ५९२ | १४८० | ८८८ | ५९२ | १४८० | ८८८ | ५९२ | P1 | SDG2 | GRB2 | CC3 |
| ९ | पशु विकास अन्य कार्यक्रम | ३४०० | २०४० | १३६० | ३४०० | २०४० | १३६० | ३४०० | २०४० | १३६० | P1 | SDG2 | GRB2 | CC3 |
| **घ.** | **उद्योग, व्यापार तथा व्यवसाय** | ३३२५ | २९९३ | ३३३ | ३३२५ | २९९३ | ३३३ | ३३२५ | २९९३ | ३३३ | | | | |
| १० | लघु, घरेलु र साना उद्योग प्रबर्द्धन कार्यक्रम तथा जटीबुटी उद्योग स्थापना वडा नं २ | २५०० | २२५० | २५० | २५०० | २२५० | २५० | २५०० | २२५० | २५० | P1 | SDG8 | GRB1 | CC1 |
| ११ | व्यापार ब्यबसाय प्रबर्दन कार्यक्रम | ८२५ | ७४३ | ८३ | ८२५ | ७४३ | ८३ | ८२५ | ७४३ | ८३ | P2 | SDG8 | GRB1 | CC1 |
| **ङ** | **पर्यटन तथा संस्कृति** | २४५०० | ४९०० | १९६०० | २४५०० | ४९०० | १९६०० | २४५०० | ४९०० | १९६०० | | | | |
| १२ | नाटेश्वरी वडीमालिका पार्क निर्माण | २०००० | ४००० | १६००० | २०००० | ४००० | १६००० | २०००० | ४००० | १६००० | P1 | SDG10 | GRB1 | CC1 |
| १३ | पर्यटन प्रवर्द्धन अन्य कार्यक्रम | ४५०० | ९०० | ३६०० | ४५०० | ९०० | ३६०० | ४५०० | ९०० | ३६०० | P2 | SDG8 | GRB2 | CC1 |
| **च.** | **भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा** | २४९० | १९९२ | ४९८ | २४९० | १९९२ | ४९८ | २४९० | १९९२ | ४९८ | | | | |
| १४ | सहकारी प्रवर्द्धन र वित्तीय सेवा कार्यक्रम | २४९० | १९९२ | ४९८ | २४९० | १९९२ | ४९८ | २४९० | १९९२ | ४९८ | P2 | SDG8 | GRB3 | CC3 |
| **छ.** | **श्रम तथा रोजगार** | १५२०० | ७६०० | ७६०० | १५२०० | ७६०० | ७६०० | १५४०० | ७७०० | ७७०० | | | | |
| १५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १५२०० | ७६०० | ७६०० | १५२०० | ७६०० | ७६०० | १५४०० | ७७०० | ७७०० | P1 | SDG1 | GRB2 | CC2 |

| क.सं. | कार्यक्रम आयोजना | आ व २०८०/८१ | | | आ व २०८१/८२ | | | आ व २०८२/८३ | | | सांकेतीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | Priority | SDG | Gender | Climate |
| **ज.** | **गरिबी निवारण** | **४८००** | **४८००** | **०** | **४८००** | **४८००** | **०** | **४८००** | **४८००** | **०** | | | | |
| १६ | स्वरोजगार प्रवर्द्धन तथा गरिवी निवारण कार्यक्रम | ४८०० | ४८०० | ० | ४८०० | ४८०० | ० | ४८०० | ४८०० | ० | P2 | SDG1 | GRB3 | CC3 |
| **झ.** | **शिक्षा, भाषा, कला तथा साहित्य** | **४२५३३** | **१९७१७** | **२२८१६** | **४२५३३** | **१९७१७** | **२२८१६** | **४२५३३** | **१९७१७** | **२२८१६** | | | | |
| १७ | विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ४४०० | ३९६० | ४४० | ४४०० | ३९६० | ४४० | ४४०० | ३९६० | ४४० | P2 | SDG4 | GRB3 | CC3 |
| १८ | सामुदायिक विद्यालय भौतिक निर्माण तथा सुधार कार्यक्रम | ११०३३ | २२०७ | ८८२६ | ११०३३ | २२०७ | ८८२६ | ११०३३ | २२०७ | ८८२६ | P1 | SDG4 | GRB2 | CC3 |
| १९ | शिक्षा क्षेत्र अन्य कार्यक्रम | २७१०० | १३५५० | १३५५० | २७१०० | १३५५० | १३५५० | २७१०० | १३५५० | १३५५० | P1 | SDG4 | GRB2 | CC3 |
| **ञ** | **स्वास्थ्य तथा पोषण** | **६०८५६** | **४२६१२** | **१८२४४** | **८८६२२** | **४२६१२** | **४६०१०** | **८८६२२** | **४२६१२** | **४६०१०** | | | | |
| २० | खोप क्लिनिक व्यवस्थापन, वडा नं १ देखि वडा नं ९ | ४१६६ | ८३३ | ३३३३ | ४१६६ | ८३३ | ३३३३ | ४१६६ | ८३३ | ३३३३ | P1 | SDG3 | GRB1 | CC3 |
| २१ | स्वास्थ्य चौकिमा मेडिकल अधिकृत र ल्याव व्यवस्थापन | २२३३ | ० | २२३३ | २२३३ | ० | २२३३ | २२३३ | ० | २२३३ | P1 | SDG3 | GRB1 | CC3 |
| २२ | ग्रमिण अस्पताल निर्माण १० सैया | २२३४ | ० | २२३४ | ३०००० | ० | ३०००० | ३०००० | ० | ३०००० | P2 | SDG4 | GRB2 | CC4 |
| २३ | आधारभूत स्वास्थ्य अन्य कार्यक्रम | ५२२२३ | ४१७७८ | १०४४५ | ५२२२३ | ४१७७८ | १०४४५ | ५२२२३ | ४१७७८ | १०४४५ | P1 | SDG3 | GRB1 | CC3 |
| **ट.** | **खानेपानी तथा सरससफाई** | **१२६३३** | **८६०** | **११७७३** | **१२६३३** | **०** | **१२६३३** | **१२६३३** | **०** | **१२६३३** | | | | |
| २४ | नगरपालिकाको बृहत खानेपानी आयोजना | ८३३३ | ० | ८३३३ | ८३३३ | ० | ८३३३ | ८३३३ | ० | ८३३३ | P1 | SDG6 | GRB1 | CC2 |
| २५ | खानेपानी तथा सरसफाई अन्य कार्यक्रम | ४३०० | ८६० | ३४४० | ४३०० | ० | ४३०० | ४३०० | ० | ४३०० | P1 | SDG6 | GRB1 | CC2 |
| **ठ.** | **महिला, बालबालिका, सामाजिक संरक्षण तथा समाजेशीरण** | **४२००** | **४२००** | **०** | **४२००** | **४२००** | **०** | **४२००** | **४२००** | **०** | | | | |
| २६ | महिला विकास कार्यक्रम | २८०० | २८०० | ० | २८०० | २८०० | ० | २८०० | २८०० | ० | P1 | SDG5 | GRB1 | CC3 |
| २७ | सामाजिक समावेशीकरण प्रवर्द्धन कार्यक्रम | १४०० | १४०० | ० | १४०० | १४०० | ० | १४०० | १४०० | ० | P1 | SDG3 | GRB3 | CC2 |
| **ड.** | **युवा तथा खेलकुद** | **२४८०** | **२४८०** | **०** | **२४८०** | **२४८०** | **०** | **२४८०** | **२४८०** | **०** | | | | |
| २७ | युवा सृजनशीलता र खेलकुद प्रवर्द्धन कार्यक्रम | २४८० | २४८० | ० | २४८० | २४८० | ० | २४८० | २४८० | ० | P1 | SDG9 | GRB3 | CC3 |
| **ढ.** | **आवास, भवन तथा शहरी विकास** | **३११४१** | **०** | **३११४१** | **३११४१** | **०** | **३११४१** | **२३५०** | **०** | **२३५०** | | | | |
| २८ | नगरपालिकाको प्रशासनिक भवन निर्माण | २६६६६ | ० | २६६६६ | २६६६६ | ० | २६६६६ | | ० | ० | P2 | SDG9 | GRB3 | CC3 |

| क.सं. | कार्यक्रम आयोजना | आ व २०८०/८१ | | | आ व २०८१/८२ | | | आ व २०८२/८३ | | | सांकेतीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | Priority | SDG | Gender | Climate |
| २९ | वडा नं ८ वडा कार्यालय | २१२५ | ० | २१२५ | २१२५ | ० | २१२५ | ० | ० | ० | P2 | SDG9 | GRB3 | CC3 |
| ३० | आपतकालिन प्रतिकार्य संचालन केन्द्रको स्थापना | २३५० | ० | २३५० | २३५० | ० | २३५० | २३५० | ० | २३५० | P2 | SDG11 | GRB3 | CC3 |
| ३१ | आवास, भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम | ४५५७१ | ० | ४५५७१ | ४५५७१ | ० | ४५५७१ | ४५५७१ | ० | ४५५७१ | P3 | SDG12 | GRB4 | CC4 |
| **ण.** | **सडक, पुल तथा यातायात** | **१०८०४२** | **०** | **१०८०४२** | **१०८०४२** | **०** | **१०८०४२** | **१०९७५९** | **०** | **१०९७५९** | | | | |
| ३२ | जिरोपोइन्ट देखी मौरे तोली, छतारा वडा नं.१ को कार्यालय सम्म सडक स्तरोन्नती गर्ने | ११६६६ | ० | ११६६६ | ११६६६ | ० | ११६६६ | ११६६६ | ० | ११६६६ | P1 | SDG9 | GRB3 | CC3 |
| ३३ | चाल्नेगडामा नगर स्तरीय बसपार्क बनाउन वडा नं. २ | ६६६० | ० | ६६६० | ६६६० | ० | ६६६० | ६६६० | ० | ६६६० | P1 | SDG9 | GRB3 | CC3 |
| ३४ | आधुनिक डम्पिङ साइटको स्थापना गर्ने वडा नं. ३ | १०००० | ० | १०००० | १०००० | ० | १०००० | ९६६७ | ० | ९६६७ | P1 | SDG9 | GRB3 | CC3 |
| ३५ | वाम्का देखी त्रिवेणी न.पा को कार्यालय हुदै किम्नी जोडीने सडकको योजना | १६००० | ० | १६००० | १६००० | ० | १६००० | १८००० | ० | १८००० | P1 | SDG9 | GRB3 | CC3 |
| ३६ | वडा नं. ५ किम्नीको कुखुरे सुपेकुना स्थानमा वस्ति विस्तार गरि नमुना वस्ति निर्माण कार्य गर्ने | ५००० | ० | ५००० | ५००० | ० | ५००० | ५०५० | ० | ५०५० | P1 | SDG9 | GRB3 | CC3 |
| ३७ | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य कार्यक्रम | ५८७१६ | ० | ५८७१६ | ५८७१६ | ० | ५८७१६ | ५८७१६ | ० | ५८७१६ | P2 | SDG9 | GRB3 | CC3 |
| | **विद्युत तथा स्वच्छ उर्जा** | **१७५०** | **०** | **१७५०** | **१०००** | **०** | **१०००** | **१०००** | **०** | **१०००** | | | | |
| ३८ | विद्युतीकरण कार्यक्रम | १७५० | ० | १७५० | १००० | ० | १००० | १००० | ० | १००० | P2 | SDG7 | GRB3 | CC3 |
| **त.** | **सूचना तथा सञ्चार प्रविधि** | **४०५०** | **२०२५** | **२०२५** | **४०५०** | **२०२५** | **२०२५** | **४०५०** | **२०२५** | **२०२५** | | | | |
| ३९ | सूचना तथा सञ्चार प्रविधि प्रवर्द्धन कार्यक्रम | ४०५० | २०२५ | २०२५ | ४०५० | २०२५ | २०२५ | ४०५० | २०२५ | २०२५ | P2 | SDG13 | GRB3 | CC1 |
| **थ.** | **वन, भूसंरक्षण तथा जैविक विविधता** | **२३००** | **२३००** | **०** | **२३००** | **२३००** | **०** | **२५५०** | **२५५०** | **०** | | | | |
| ४० | बृक्षरोपण कार्यक्रम | ८०० | ८०० | ० | ८०० | ८०० | ० | ९०० | ९०० | ० | P2 | SDG15 | GRB1 | CC1 |
| ४१ | वन तथा हरियाली प्रवर्द्धन कार्यक्रम | १५०० | १५०० | ० | १५०० | १५०० | ० | १६५० | १६५० | ० | P2 | SDG13 | GRB1 | CC1 |
| **द.** | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | **२३८०** | **१६६६** | **७१४** | **२३८०** | **१६६६** | **७१४** | **२३८०** | **१६६६** | **७१४** | | | | |
| ४२ | फोहोरमैला व्यवस्थापन अन्य कार्यक्रम | २३८० | १६६६ | ७१४ | २३८० | १६६६ | ७१४ | २३८० | १६६६ | ७१४ | P2 | SDG13 | GRB3 | CC1 |

| क.सं. | कार्यक्रम आयोजना | आ व २०८०/८१ | | | आ व २०८१/८२ | | | आ व २०८२/८३ | | | सांकेतीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | Priority | SDG | Gender | Climate |
| ध. | **विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन उत्थानशीलता** | ३००० | २१०० | ९०० | ३००० | २१०० | ९०० | ४०५० | २८३५ | १२१५ | | | | |
| ४३ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम तथा डम्पीगं साईट निर्माण | ३००० | २१०० | ९०० | ३००० | २१०० | ९०० | ४०५० | २८३५ | १२१५ | P2 | SDG8 | GRB3 | CC3 |
| न | **नीति, कानून, न्याय तथा सुशासन** | २३८१ | २३८१ | ० | २३८१ | २३८१ | ० | २३८१ | २३८१ | ० | | | | |
| ४४ | नीति, कानुन, न्याय र सुशासन प्रवर्द्धन कार्यक्रम | २३८१ | २३८१ | ० | २३८१ | २३८१ | ० | २३८१ | २३८१ | ० | P2 | SDG16 | GRB3 | CC3 |
| प | **संगठन, मानव संशाधन र क्षमता विकास** | ३३३८४६ | ३३३८४६ | ० | ३३३८४६ | ३३३८४६ | ० | ३३३८४६ | ३३३८४६ | ० | | | | |
| ४५ | संगठन, मानव संसाधन तथा क्षमता विकास कार्यक्रम | ३३३८४६ | ३३३८४६ | ० | ३३३८४६ | ३३३८४६ | ० | ३३३८४६ | ३३३८४६ | ० | P2 | SDG16 | GRB3 | CC3 |
| फ. | **राजस्व तथा स्रोत परिचालन** | १६४० | १६४० | ० | १६४० | १६४० | ० | १६४० | १६४० | ० | | | | |
| ४६ | राजश्व सुदृढीकरण तथा स्रोत परिचालन कार्यक्रम | १६४० | १६४० | ० | १६४० | १६४० | ० | १६४० | १६४० | ० | P2 | SDG17 | GRB3 | CC3 |
| ब. | **तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** | ११५० | ११५० | ० | ११५० | ११५० | ० | ११५० | ११५० | ० | | | | |
| ४७ | तथ्याङ्क, योजना विकास व्यवस्थापन कार्यक्रम | ११५० | ११५० | ० | ११५० | ११५० | ० | ११५० | ११५० | ० | P1 | SDG17 | GRB3 | CC3 |
| | **जम्मा कुल** | ६४०१४० | ४४३५७६ | २३४०७१ | ७२२५४५ | ४४३६५६ | २६०५५७ | ७६९४५७ | ४४३७९२ | २३५२५७ | | | | |